# सिलीचोङ गाउँपालिका
# शिक्षा ऐन, २०८३

*सभाबाट पारित मितिः२०८३/०३/१०*
*प्रमाणीकरण मितिः २०८३/०३/१८*
*स्थानीय राजपत्रमा प्रकाशन मितिः २०८३/०३/२२*

**प्रस्तावना** : स्थानीय तथा राष्ट्रिय विकासको लागि आवश्यक जनशक्ति तयार गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकुल सदाचार, शिष्टाचार र नैतिकता अभिवृद्धिका लागि, गाउँपालिका तहमा स्थापना हुने तथा स्थापना भई सञ्चालन भइरहेका विद्यालयको व्यवस्थापकीय सुधार गर्दै शिक्षामा पहुँच, गुणस्तरीय विद्यालय शिक्षा, समयानुकुल सीप र प्रविधि सहित माध्यमिक तहसम्मको शैक्षिक कार्यलाई व्यवस्थित गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधान धारा २२६ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी सिलीचोङ गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "गाउँपालिका शिक्षा ऐन, २०८३" रहेको छ ।

(२) यो ऐन गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"आधारभूत शिक्षा"** भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षालाई सम्झनु पर्दछ ।

(ख) **"आवासीय विद्यालय"** भन्नाले नेपाल सरकार वा प्रदेश सरकार वा गाउँपालिकाले आवासीय विद्यालयको रुपमा स्वीकृति प्रदान गरी सञ्चालन गरेका विद्यालयलाई सम्झनु पर्दछ ।

(ग) **"कर्मचारी"** भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारीलाई सम्झनु पर्दछ ।

(घ) **"कार्यपालिका"** भन्नाले सिलीचोङ गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(ङ) **"गाउँपालिका"** भन्नाले सिलीचोङ गाउँपालिका सम्झनु पर्दछ ।

(च) **"गाउँ शिक्षा अधिकारी"** भन्नाले गाउँपालिकाको शिक्षा शाखा प्रमुख/शिक्षा अधिकृतलाई सम्झनु पर्दछ, र सो शब्दले गाउँपालिकाले शिक्षा शाखा प्रमुख भई कामकाज गर्न खटाएको कर्मचारी समेतलाई जनाउनेछ ।

(छ) **"घुम्ती विद्यालय"** भन्नाले विद्यालयमा पहुँच नपुगेका, बसाइँसराइ वा विपद्का कारण शिक्षाबाट वञ्चित बालबालिकालाई वैकल्पिक कक्षामार्फत निरन्तर आधारभूत तथा माध्यमिक शिक्षा उपलब्ध गराउनका लागि दफा ११ बमोजिम छोटो अवधिको लागि अस्थायी रुपमा फरक स्थानमा सञ्चालन गरिने विद्यालयलाई सम्झनु पर्दछ ।

(ज) **"तोकिएको"** वा **"तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, कार्यविधि, निर्देशिका र मापदण्डमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ । र सो शब्दले गाउँ कार्यपालिकाले तोकेको समेतलाई जनाउनेछ ।

(झ) **"माध्यमिक शिक्षा"** भन्नाले कक्षा नौदेखि बाह्रसम्म दिइने शिक्षालाई सम्झनु पर्दछ ।

(ञ) **"विद्यालय शिक्षा"** भन्नाले आधारभूत र माध्यमिक तहको शिक्षालाई सम्झनु पर्दछ ।

(ट) **"विशेष शिक्षा"** भन्नाले दृष्टिबिहीन, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अतिअसक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षालाई सम्झनु पर्दछ ।

(ठ) **"प्राविधिक तथा व्यावसायिक शिक्षा"** भन्नाले प्राविधिक ज्ञान, सीप, दक्षता तथा विषयवस्तुको सिकाइ प्राप्त गरी प्रविधि र व्यावसायको शिक्षा प्रदान गर्न कक्षा नौदेखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्दछ ।

(ड) **"प्रारम्भिक बाल विकास शिक्षा"** भन्नाले चार वर्ष मुनिका बालबालिकाहरुलाई मनोरञ्जनात्मक विधिबाट शारीरिक, मानसिक, सामाजिक तथा संवेगात्मक विकासका लागि सामुदायिक र संस्थागत रुपमा दिइने शिक्षालाई सम्झनु पर्दछ ।

(ढ) **“सामुदायिक विद्यालय”** भन्नाले समुदायको पहलमा स्थापना गरिएको मुनाफा रहित प्रकृतिको नेपाल सरकार र गाउँपालिकाबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालयलाई सम्झनु पर्दछ ।

(ण) **“संस्थागत विद्यालय”** भन्नाले व्यक्ति, संस्था वा समुदायको पहलमा मुनाफा आर्जन गर्ने गरी स्थापना गरिएका नेपाल सरकार र गाउँपालिकाबाट अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालयलाई सम्झनु पर्दछ ।

(त) **“शैक्षिक गुठी”** भन्नाले विद्यालय सञ्चालन गर्नका लागि कुनै व्यक्ति वा समुदायले नाफा आर्जन गर्ने उद्देश्य नराखी स्थापना गरेको सार्वजनिक वा निजी गुठीलाई सम्झनु पर्दछ ।

## परिच्छेद -२

## विद्यालय खोल्ने अनुमति वा स्वीकृति तथा विद्यालय गाभ्ने र खारेजी सम्बन्धी व्यवस्था

३. **विद्यालय खोल्न अनुमति लिनु पर्ने** : (१) नेपाली नागरिक वा नेपाली नागरिकहरुको समुदायले सामुदायिक विद्यालय वा शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा कार्यालयको सिफारिस सहित गाउँ कार्यपालिकामा अनुमतिका लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर गाउँ शिक्षा समितिले आवश्यक जाँचबुझ गरी विद्यालय खोल्न अनुमति दिन मनासिव देखिएमा कार्यपालिका समक्ष अनुमति प्रदानका लागि सिफारिस गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुमतिका लागि सिफारिस भई आएमा कार्यपालिकाले आवश्यक जाँचबुझ गरी विद्यालय खोल्न अनुमति दिने नदिने विषयमा तीस दिनभित्र निर्णय गरिसक्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम कार्यपालिकाले विद्यालय खोल्न अनुमति दिने निर्णय गरेमा तोकिएको सर्त बन्देज पालना गर्ने गरी त्यस्तो निर्णय भएको मितिले सात दिनभित्र गाउँ शिक्षा अधिकारीले अनुमति दिनेछ ।

(५) यो ऐन प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालन गरेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न गाउँपालिका समक्ष निवेदन दिन सक्नेछन् ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयहरुलाई शैक्षिक गुठीका रुपमा सञ्चालन गर्न पाउने अनुमति वा स्वीकृति दिइने छैन;-

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान, दातव्य दिएकोमा सो भवन वा भवन बनाई सञ्चालन भएको विद्यालय ।

(७) यस ऐन र प्रचलित कानूनको अधिनमा रही शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नु पर्नेछ;-

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक संगठित संस्थाको रुपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टी सदस्यमा सार्वजनिक गुठी भए कम्तीमा सातजना र निजी गुठी भए कम्तिमा पाँचजना सदस्य हुनु पर्ने,

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी गाउँ शिक्षा समितिले तोकेको लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने ।

(घ) शैक्षिक गुठीका तत्काल कायम रहेका ट्रष्टी सदस्यले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रुपमा कार्य गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछन् ।

तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा वडाको सिफारिस सहित गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्यबाट विद्यालय सञ्चालन गर्न चाहेमा कार्यपालिकाबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(९) संस्थागत/गुठी विद्यालय खोल्ने अनुमति लिदा विद्यालय सञ्चालन सुरक्षा बापत माध्यमिक विद्यालयको लागि रूपैयाँ दश लाख, आधारभूत विद्यालयको लागि रूपैयाँ

पाँच लाख र पूर्व प्राथमिक विद्यालयको लागिरूपैयाँ दुई लाख गाउँपालिकामा धरौटीको रुपमा  राख्नु पर्नेछ ।

(१०) संस्थागत तथा गुठी विद्यालयहरुले पालना गर्नु पर्ने सर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(११) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन कायम गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन ।

(१२) यस दफा बमोजिम स्थापित शैक्षिक गुठी अन्तर्गतका विद्यालयहरू कार्यपालिकाले तोकेको शर्त र प्रक्रिया पूरा गरी सामुदायिक गुठीमा रूपान्तरण गर्न सकिनेछ ।

(१३) यो ऐन प्रारम्भ हुनु भन्दा अघि स्थापना भई सञ्चालनमा रहेका संस्थागत विद्यालयहरु यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष भित्र गाउँपालिकामा सूचीकृत हुनु पर्नेछ ।

(१४) उपदफा (१३) बमोजिम सूचीकृत व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(१५) सामुदायिक विद्यालय सञ्चालन विधि र शिक्षक तथा कर्मचारीहरूको सर्त तथा सेवा सुविधा र बिदा सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ ।

४. **गाउँपालिकाले विद्यालय गाभ्न, सार्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने** : (१) हाल सञ्चालनमा रहेका गाउँपालिका क्षेत्र भित्रका विद्यालयहरुको दूरी, विद्यार्थी सङ्ख्या गुणस्तरीयता तथा सञ्चालन क्षमताको आधारमा कुनै एक विद्यालयलाई अर्को विद्यालयमा गाभ्न वा एक ठाउँबाट अर्को ठाउँमा सार्न वा बन्द गर्न वा आवश्यक नयाँ क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गरी सञ्चालन गर्न अनुमति दिन वा नाम परिवर्तन गर्न सकिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित वडाको शिक्षा समितिको सिफारिसको आधारमा गाउँ शिक्षा समितिले विकल्प सहित कार्यपालिकालाई निर्णयको लागि सिफारिस गरेमा कार्यपालिकाले सो विषयमा उपयुक्त निर्णय गर्नेछ ।

(३) उपदफा (२) बमोजिम वडा शिक्षा समितिले विद्यायल गाभ्ने वा बन्द गर्ने सिफारिस गर्नका लागि बस्ने बैठकमा वडा समितिका सबै सदस्यलाई आमन्त्रण गर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम विद्यालय गाभिने निर्णय भएकोमा त्यस्तो विद्यालयको सम्पत्तिको स्वामित्व नयाँ गाभिएको विद्यालयमा सर्नेछ ।

(५) यस दफा बमोजिम बिद्यालय बन्द गर्ने निर्णय भएमा त्यस्तो विद्यालयको सम्पत्तिको व्यवास्थापन गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

५. **अनुमति वा स्वीकृति रद्द गर्ने** : (१) कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम गरे गराएमा गाउँपालिकाले त्यस्तो विद्यालयको अनुमति वा स्वीकृति रद्द गर्न सक्नेछ ।

तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाइ पेस गर्ने उचित मौका दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित वडा शिक्षा समिति र गाउँ शिक्षा समितको राय लिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम अनुमति वा स्वीकृति रद्द गर्ने निर्णय भएमा त्यस्तो निर्णय उपर चित्त नबुझेमा निर्णयको जानकारी पाएको मितिले ३५ पैतीस दिनभित्र संखुवासभा जिल्ला अदालतमा पुनरावेदन गर्न सकिनेछ ।

६. **शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्ष सञ्चालन गर्ने** :(१) कसैले पनि यस ऐन बमोजिम गाउँपालिकाबाट अनुमति नलिई शैक्षिक परामर्श सेवा, बृजकोर्ष, कोचिङ, ट्युसन सेण्टर, भाषा शिक्षण कक्षा, होस्टल वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम लगायत कार्यपालिकाबाट तोकिएका यस्तै प्रकारका कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, बृजकोर्ष, कोचिङ, ट्युसन सेण्टर, भाषा शिक्षण कक्षा, होस्टल वा पूर्व तयारी कक्षा वा विदेशी मुलूकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७. **विशेष शैक्षिक कार्यक्रम सञ्चालन** : (१) गाउँपालिकाले आवश्यक व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुल्ला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

**स्पष्टीकरण**ः यस दफाको प्रयोजनका लागि विशेष शिक्षा भन्नाले फरक क्षमता भएका व्यक्तिलाई प्रदान गरिने विशेष शिक्षा वा कुनै निश्चित विषय वा समुदायको लागि छोटो अवधिमा दिईने बिशेष शिक्षालाई जनाउनेछ ।

(२) विशेष शैक्षिक कार्यक्रम सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८. **प्रारम्भिक बालविकास केन्द्र** : (१) गाउँपालिकाले समुदायमा वाल विकास कार्यक्रम सञ्चालन गर्न आवश्यकताको पहिचान गरी सामुदायिक वा संस्थागत विद्यालय स्तरमा वाल विकाश केन्द्र सञ्चालन गर्नु गराउनु पर्नेछ ।

(२) प्रारम्भिक बालविकास केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९. **सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने** : (१) गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न आवश्यकताको पहिचान गरी सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ ।

(२) सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०. **नमुना विद्यालय सञ्चालन** : (१) गाउँपालिकाले शैक्षिक विकासका लागि नमुना विद्यालयको विकास गर्न, आवश्यकता अनुसार नमुना विद्यालयको स्थापना गर्न वा हाल सञ्चालित सामुदायिक विद्यालयहरु मध्येबाट नमुना विद्यालय छनौट गरी सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको नमुना विद्यालय सम्बन्धी अन्य व्यवस्था प्रचलित सङ्घीय कानूनमा तोकिएकोमा सोहि बमोजिम र नतोकिएकोमा कार्यपालिकाले तोकिदिए बमोजिम हुनेछ ।

११. **घुम्ती विद्यालय सञ्चालन** : (१) स्थायी विद्यालयमा पहुँच नपुगेका, बसाइँसराइ वा विपद्का कारण शिक्षाबाट वञ्चित बालबालिकालाई वैकल्पिक कक्षामार्फत निरन्तर आधारभूत तथा माध्यमिक शिक्षा उपलब्ध गराउन घुम्ती विद्यालय सञ्चालन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय सञ्चालन गर्न व्यवस्थापन समितिले अनुरोध गरेमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले निश्चित अवधिको लागि कुनै पायक पर्ने ठाउँमा घुम्ती विद्यालय सञ्चालन गर्न अनुमति दिन सक्नेछ ।

(३) यस दफा बमोजिमको घुम्ती विद्यालय देहायको अवस्थामा सञ्चालन गर्न सकिनेछ;-

क. विद्यालय सम्पर्क दूरी अत्यधिक टाढा हुने;

यस खण्डको प्रयोजनका लागि अत्यधिक टाढा भन्नाले एक तर्फी एक घण्टा तीस मिनट भन्दा बढी समय हिड्नु पर्ने लाई जनाउनेछ ।

ख. न्यूनतम १० (दश) जना विद्यार्थी स्थायी रूपमा कक्षामा सहभागी हुन नसक्ने अवस्था ,

ग. विपद्को कारण स्थायी विद्यालय सञ्चालनमा अवरोध भएकोमा,

घ. हिउँका कारण अत्याधिक जाडो भएमा, नदी कटान, उच्च पहाडी चरन लगायत प्राकृतिक कारणबाट मौसमी बसाइँसराइ भएकोमा ।

(४) घुम्ती विद्यालयको कक्षा सञ्चालनको तालिका, स्थान, अवधि तथा शिक्षक मुख्य विद्यालयले तोक्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम शिक्षक तोक्दा देहायको योग्यता भएको शिक्षकलाई तोक्नु पर्नेछ;-

क. बहुकक्षा शिक्षण (Multi-grade teaching) तालिम प्राप्त,

ख. बालमैत्री तथा स्थान अनुकूल शिक्षण क्षमतामा दक्षता भएका ।

(६) घुम्ती विद्यालयको कक्षा सञ्चालनको लागि तोकिएको शिक्षकले मुख्य विद्यालयको निर्देशन अनुसार तथा विद्यालयले तोकीदिए बमोजिमको तालिका अनुसार कक्षा सञ्चालन गर्नु पर्नेछ ।

(७) शिक्षकको यातायात सुविधा वा भत्ता स्थानीय तह वा विद्यालयले उपलब्ध गराउन सक्नेछ ।

(८) शिक्षकको हाजिरी तथा कक्षा प्रतिवेदन नियमित रूपमा मुख्य विद्यालयमा पेस गर्नु पर्नेछ ।

(९) घुम्ती विद्यालयमा नियमित विद्यालयका लागि तोकिएको राष्ट्रिय तथा स्थानीय पाठ्यक्रम अनुकूलन हुने गरी देहाय अनुसारका सामग्रीहारुको प्रयोग गर्न सकिनेछ;-

क. न्यूनतम पाठ्यपुस्तक तथा कार्यपुस्तिका,

ख. बालमैत्री चित्र पुस्तक,

ग. सामुदायिक वा स्थानीय भाषामा उपलब्ध सामग्री,

घ. पोर्टेबल सिकाइ किट ।

(१०) मुख्य विद्यालयमा दर्ता भएका विद्यार्थीहरू नै घुम्ती विद्यालयमा दर्ता गरी त्यस्ता विद्यार्थीलाई दर्ताको प्रमाणपत्र प्रदान गर्नु पर्नेछ ।

(११) विद्यार्थीको बसाइँसराइ परिवर्तन भएमा नजिकको प्रमुख विद्यालयमा कक्षा निरन्तरता सुनिश्चित गर्नु पर्नेछ ।

(१२) वार्षिक वा अर्धवार्षिक रूपमा विद्यार्थीलाई मुख्य विद्यालयमा नै परीक्षा दिई मूल्यांकन गरिने व्यवस्था मुख्य विद्यालयले मिलाउनु पर्नेछ ।

(१३) यस दफा बमोजिम घुम्ती विद्यालय सञ्चालनका लागि देहाय अनुसारको न्यूनतम मापदण्ड पूरा गरेको हुनु पर्नेछ;-

क. सुरक्षित स्थान,

ख. न्यूनतम संरचना तम्बू वा छाप्रो वा सामुदायिक भवन,

ग. पढ्न बस्नका लागि आवश्यक  सामग्री म्याट वा डेस्क,

घ. शिक्षण किट,

ङ. पिउने पानी तथा शौचालयको सुविधा,

च. प्राथमिक उपचार सामग्री,

छ. तोकिए बमोजिमका अन्य आवश्यक संरचना वा सामग्री ।

(१४) घुम्ती विद्यालय सञ्चालनका लागि विद्यालयले वार्षिक रूपमा छुट्टै शीर्षकमा बजेट विनियोजन गर्नु पर्नेछ ।

(१५) शिक्षक भत्ता, सामग्री खरिद, यातायात र सञ्चालन खर्च गाउँपालिकाले बार्षिक बजेटमा विनियाजन गरी सहयोगका उपलब्ध गराउन सक्नेछन् ।

(१६) घुम्ती विद्यालय सञ्चालनका लागि दातृ निकाय वा साझेदार संस्थाबाट सहयोग प्राप्त गर्न सकिनेछ ।

(१७) उपदफा (१६) बमोजिम कुनै निकाय वा साझेदार संस्थाबाट सहयोग प्राप्त भएमा त्यस्तो सहयोगको रकम वा वस्तु  पारदर्शी रूपमा उपयोग गरिनेछ ।

(१८) यस दफा बमोजिम सञ्चालन हुने घुम्ती विद्यालय समुदाय वा गाउँपालिका सँग सहकार्य गरी सञ्चालन र व्यवस्थापन गर्न गराउन सकिनेछ ।

(१९) घुम्ती विद्यालयको शिक्षण कार्यमा कसैले पनि लापरवाही, कक्षा नचलाउने, सामग्री वा स्रोत दुरुपयोग गर्ने तथा कक्षाको सुरक्षा वा अभिलेखमा हेरफेर गर्ने वा दातृ वा सरकारी स्रोत दुरुपयोग गर्ने कार्य गर्नु गराउनु हुदैन ।

(२०) गाउँपालिकाले घुम्ती विद्यालय सञ्चालनको अनुमति दिँदा घुम्ती विद्यालय सञ्चालन गर्नु पर्ने स्थानमा अर्को विद्यालय रहेको भए त्यस्तो विद्यालयमा नै सञ्चालन गर्ने गरी अनुमति दिनु पर्नेछ ।

(२१) घुम्ती विद्यालय सञ्चालन र व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनका लागि मुख्य विद्यालय भन्नाले बालबालिका नियमित अध्ययन गर्नका लागि भर्ना भएको विद्यालयलाई जनाउनेछ ।

१२. **पुस्तकालय स्थापना गर्ने** : (१) प्रत्येक विद्यालयमा गुणस्तरीय सिकाइ वातावरण निर्माण गर्न, विद्यार्थीलाई पठन संस्कृतिमा अभ्यस्त गराउन, र सिकाइ स्रोतमा पहुँच विस्तार गर्नका लागि कम्तीमा एक पुस्तकालय स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापाना हुने पुस्तकालयका लागि सम्बन्धित विद्यालयले छुट्टै कोठा वा स्थानको व्यवस्था गर्नु पर्नेछ ।

(३) सम्बन्धित विद्यालयले आफै, गाउँपालिका, साझेदार संस्थाको सहयोगमा पुस्तकालयमा देयाहय अनुसारको न्यूनतम व्यवस्था गर्नु पर्नेछ;-

क. न्यूनतम पुस्तक लगायत आवश्यक स्रोत,

ख. पुस्तक राख्ने क्याटलग प्रणाली,

ग. पढाइका लागि उपयुक्त फर्निचर,

घ. प्रकाश तथा हावा—पानी व्यवस्थापन ।

(४) गाउँपालिकाको स्रोत तथा विद्यालयको क्षमता अनुसार ई-बुक, इन्टरनेट सुविधा, कम्प्युटर प्रयोग मार्फत डिजिटल स्रोत पहुँच प्रदान गर्न डिजिटल पुस्तकालय स्थापना र सञ्चालन गर्न सकिनेछ ।

(५) पुस्तकालय सञ्चालनका लागि विद्यालयले वार्षिक रूपमा छुट्टै शीर्षकमा बजेट विनियोजन गर्नु पर्नेछ ।

(६) विद्यालयमा पुस्तकालय सञ्चालनका लागि गाउँपालिकाले वार्षिक बजेटमा विनियोजन गरी सहयोग उपलब्ध गराउन सक्नेछ ।

(७) पुस्तकालय सञ्चालनका लागि दातृ निकाय वा साझेदार संस्थाबाट सहयोग प्राप्त गर्न सकिनेछ ।

(८) उपदफा (७) बमोजिम कुनै निकाय वा साझेदार संस्थाबाट सहयोग प्राप्त भएमा त्यस्तो सहयोगको रकम वा वस्तु पारदर्शी रूपमा उपयोग गरिनेछ ।

(९) पुस्तकालयको सामग्री प्रयोगमा कसैले पनि लापरवाही गर्ने, समयमा पुस्तक फिर्ता नगर्ने, सामग्री वा स्रोत दुरुपयोग गर्ने तथा पुस्तकालयको सुरक्षा वा

अभिलेखमा हेरफेर गर्ने वा दातृ वा सरकारी स्रोत दुरुपयोग गर्ने कार्य गर्नु गराउनु हुँदैन ।

(१०) गाउँपालिकाले कार्यपालिकाको कार्यालयमा सेवा प्रवाह लगायतका अन्य क्षेत्रमा प्रयोग हुने विभिन्न विषयका पुस्तकहरु रहने गरी गाउँपालिकाको छुट्टै पुस्तकालय स्थापना, व्यवस्थापन र सञ्चालन गर्न सक्नेछ ।

(११) पुस्तकालय सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१३.**विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग** : (१) सिकाइको गुणस्तर वृद्धि, डिजिटल साक्षरता विस्तार, र विश्व प्रतिस्पर्धी दक्षता विकासका लागि विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रबिधिको प्रयोग गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रबिधिको प्रयोग गर्ने निर्णय गर्नु पूर्व त्यस्तो विद्यालयमा न्यूनतम देहाय अनुसारको पूर्वाधार रहेको हुनु पर्नेछ;-

क. कम्प्युटर ल्याब,

ख. इन्टरनेट (ब्रडब्यान्ड/फाइबर)

ग. प्रोजेक्टर वा स्मार्ट बोर्ड

घ. सूचना तथा सञ्चार प्रबिधि सिकाइ कोठा,

ङ. उपकरणहरूको दीगोपन तथा मर्मतका लागि वार्षिक बजेट विनियोजन,

च. विद्युत वा सोलार जडान ।

(५) सूचना तथा सञ्चार प्रबिधिबाट शिक्षण सिकाइका लागि विद्यालयले वार्षिक रूपमा छुट्टै शीर्षकमा बजेट विनियोजन गर्नु पर्नेछ ।

(६) सूचना तथा सञ्चार प्रबिधिबाट शिक्षण सिकाइका लागि गाउँपालिकाले वार्षिक बजेटमा विनियोजन गरी सहयोग उपलब्ध गराउन सक्नेछ ।

(७) सूचना तथा सञ्चार प्रबिधिबाट शिक्षण सिकाइका लागि दातृ निकाय वा साझेदार संस्थाबाट सहयोग प्राप्त गर्न सकिनेछ ।

(८) उपदफा (७) बमोजिम कुनै निकाय वा साझेदार संस्थाबाट सहयोग प्राप्त भएमा त्यस्तो सहयोगको रकम वा वस्तु पारदर्शी रूपमा उपयोग गरिनेछ ।

(९) सूचना तथा सञ्चार प्रबिधिबाट शिक्षण सिकाइका सामग्री प्रयोगमा कसैले पनि लापरवाही गर्ने, नचलाउने, सामग्री वा स्रोत दुरुपयोग गर्ने तथा सामग्रीको सुरक्षा

वा अभिलेखमा हेरफेर गर्ने वा दातृ वा सरकारी स्रोत दुरुपयोग गर्ने कार्य गर्नु गराउनु हुँदैन ।

(१०) विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिबाट शिक्षण सिकाइ सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद -३

## शिक्षाको प्रकार, माध्यम, पाठ्यक्रम र परीक्षा सञ्चालन सम्बन्धी व्यवस्था

१४. **माध्यमिक शिक्षाको प्रकार** : (१) माध्यमिक शिक्षा देहाय बमोजिम तीन प्रकारका हुनेछन्ः-

(क) साधारण माध्यमिक शिक्षा,

(ख) सांस्कृतिक माध्यमिक शिक्षा,

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिकाले स्थानीय आवश्यकता अनुसार शिक्षाको प्रकार तोक्न सक्नेछ ।

(३) शिक्षाको प्रकार सम्बन्धमा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१५. **शिक्षाको माध्यम** : (१) विद्यालयमा शिक्षाको माध्यम स्थानीय मातृभाषा, नेपाली भाषा, अंग्रेजी भाषा वा सबै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिकाले देहाय अनुसार गर्ने गरी व्यवस्था गर्न सक्नेछ;-

(क) कक्षा ५ सम्मको आधारभूत शिक्षा मातृभाषामा तथा ऐच्छिक विषयमा शिक्षा दिन,

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा इच्छाएको अन्य कुनै भाषाको विषय अध्ययन गर्न ।

१६. **विद्यालयको वर्गीकरण** : (१) गाउँपालिका अन्तर्गतका विद्यालयहरुलाई आधारभूत शिक्षा र माध्यमिक शिक्षा गरी दुई प्रकारमा वर्गीकरण गरिनेछ ।

(२) विद्यालयको सम्पत्ति, स्रोत साधान र लगानीको आधारमा सामुदायिक विद्यालय, संस्थागत विद्यालय र गुठी विद्यालयमा वर्गीकरण हुनेछ ।

(३) विद्यालयको वर्गीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१७. **<u>विद्यालयको पाठ्यक्रम तथा पाठ्यपुस्तक</u>** : (१) आवश्यक सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउन विद्यालयको पाठ्यक्रम तथा पाठ्यपुस्तक नेपाल सरकार र गाउँपालिकाले तोकेको मापदण्ड अनुसारको हुनेछ ।

(२) विद्यालयले नेपाल सरकारले र गाउँपालिकाले तोकेको मापदण्डभित्र रही मातृभाषा वा अन्य कुनै स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नु पर्नेछ ।

(३) उपदफा (२) को प्रयोजनका लागि गाउँपालिकाले स्थानीय पाठ्यक्रम विकास केन्द्र गठन गरी पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्न सक्नेछ ।

(४) उपदफा (२) को प्रयोजनका लागि गाउँपालिकाले स्थानीय पाठ्यक्रममा अध्यापन गराउन शिक्षकहरुलाई तालिमको व्यवस्थापन गर्नु पर्नेछ ।

(५) विद्यालयको पाठ्यक्रम तथा पाठ्य पुस्तक, स्थानीय पाठ्यक्रम विकास केन्द्र गठन, पाठ्यक्रम निर्माण तथा कार्यान्वयन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१८. **<u>परीक्षा सञ्चालन</u>** : (१) आधारभूत तह कक्षा ८ को परीक्षा सञ्चालन, अनुगमन, नियमन, नतिजा प्रकाशन तथा अभिलेख व्यवस्थापनका लागि देहाय बमोजिमको परीक्षा समिति रहनेछ;-

(क) प्रमुख प्रशासकीय अधिकृत -संयोजक,

(ख) आधारभूत तहका सामुदायिक विद्यालयका प्रधानाध्यापक मध्येबाट संयोजकले तोकेको २ जना

(ग) आधारभूत तहका सामुदायिक विद्यालयका शिक्षक मध्येबाट संयोजकले तोकेको महिला शिक्षक एक जना -सदस्य,

(घ) गाउँ शिक्षा अधिकारी -सदस्य सचिव ।

(२) परीक्षा सञ्चालनको समयमा परीक्षाको निरीक्षण गर्ने तथा निरीक्षक तोक्ने कार्य परीक्षा समितले गर्न सक्नेछ ।

(३) आधारभूत तह कक्षा ८ बाहेक कक्षा १ देखि कक्षा ९ सम्मको परीक्षा गाउँपालिकाको वार्षिक शैक्षिक पात्रो बमोजिम विद्यालयले सञ्चालन तथा व्यवस्थापन गर्नु पर्नेछ ।

(४) परीक्षा समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) परीक्षा समितिका सदस्यले समितिको बैठक बस्दा गाउँ कार्यपालिकाका सदस्यले पाए सरहको बैठक भत्ता पाउनेछन ।

## परिच्छेद -४

## विद्यालय व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

१९. **विद्यालय व्यवस्थापन समिति** : (१) सामुदायिक विद्यालयको सञ्चालन, व्यवस्थापन र रेखदेख गर्नका लागि प्रत्येक विद्यालयमा देहाय अनुसारका सदस्य रहेको एक विद्यालय व्यवस्थापन समिति गठन हुनेछ;-

(क) अभिभावकले आफूहरु मध्येबाट छानी पठाएका दुईजना महिला सहित चारजना सदस्य,

(ख) विद्यालय रहेको वडाको वडा अध्यक्ष वा वडा समितिका सदस्यहरु मध्येबाट वडा समितिले मनोनयन गरेको एकजना सदस्य,

(ग) विद्यालयका शिक्षकहरुले आफू मध्येबाट छनौट गरेका शिक्षक प्रतिनिधि एकजना सदस्य,

(घ) सम्बन्धित विद्यालयका प्रधानाध्यापक- सदस्य सचिव ।

(२) प्राविधिक र व्यवसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा स्थानीय स्तरका उद्योग तथा वाणिज्य महासंघ वा सो नभएमा स्थानीय व्यापारीहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले तोकेका कम्तीमा एकजना महिला हुने गरी दुईजना प्रतिनिधि सदस्य रहनेछन् ।

(३) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) को खण्ड (क) वा (ख) बमोजिमका सदस्यहरु मध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

(४) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरु अपाङ्गता भएका व्यक्तिको अभिभावक र समावेशी शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा एकजना अपाङ्गता भएका व्यक्ति सदस्य रहनेछ ।

(६) गाउँ शिक्षा अधिकारीलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सकिनेछ ।

(७) विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रिया प्रचलित सङ्घीय कानूनमा तोकिएकोमा सोहि बमोजिम र अन्यको हकमा कार्यपालिकाबाट तोकिए बमोजिम हुनेछ ।

(८) विद्यालय व्यवस्थापन समिति सम्बन्धी अन्य व्यवस्था प्रचलित सङ्घीय कानूनमा तोकिएकोमा सोहि बमोजिम र अन्यको हकमा कार्यपालिकाबाट तोकिए बमोजिम हुनेछ ।

२०. **विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने** : (१) कुनै विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेको वा प्रचलित कानून वा कार्यपालिकाको निर्देशनको प्रतिकुल कार्य गरेको देखिएमा गाउँ शिक्षा समितिले कारण सहित कार्यपालिकामा त्यस्तो विद्यालय व्यवस्थापन समिति विघटन गर्न सिफारिस गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सिफारिस भई आएमा त्यस्तो कारण खुलाई गाउँ कार्यपालिकाले त्यस्तो विद्यालय व्यवस्थापन समितिलाई विघटन गर्न सक्नेछ ।

तर यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेस गर्ने मनासिव मौका दिइनेछ ।

(३) उपदफा (२) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएमा अर्को विद्यालय व्यवस्थापन समिति गठन नभए सम्म कार्यपालिकाले विद्यालय व्यवस्थापन समितिको काम गर्न सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा सदस्यको संयोजकत्वमा बढीमा पाँच सदस्यीय एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्नेछ ।

(४) उपदफा (३) बमोजिम गठन भएको अस्थायी विद्यालय व्यवस्थापन समितिले आफूले कार्य आरम्भ गरेको छ महिनाभित्र प्रचलित कानून बमोजिमकोको विद्यालय व्यवस्थापन समिति गठन गरी गराई जिम्मेवारी हस्तान्तरण गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको अवधिभित्र विद्यालय व्यवस्थापन समिति गठन हुन नसकेमा कार्यपालिकाले अन्तिम पटक थप तीन महिनाको समयावधि थप गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिमको समयावधिमा समेत विद्यालय व्यवस्थापन समिति गठन हुन नसकेमा त्यस्तो विद्यालयको व्यवस्थापनको जिम्मा गाउँ शिक्षा समितिले लिई प्रचलित कानुन बमोजिम विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रिया थालनी गर्नु पर्नेछ ।

२१. **विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार** : विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार प्रचलित सङ्घीय कानूनमा तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

२२. **विद्यालय सञ्चालन कार्यविधि निर्माण गर्नु पर्ने** : (१) यो ऐन वा प्रचलित कानूनको अधिनमा रही प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको लक्ष्य, मूल्यमान्यता, सञ्चालन प्रक्रिया, बालबालिकाको चौतर्फी विकासमा टेवा पुग्ने गरी अतिरिक्त क्रियाकलापहरुको विवरण लगायतका विषयवस्तुहरु समावेश गरिएको विद्यालय सञ्चालन कार्यविधि तयार गरी अभिभावक भेलाबाट पारित गराई स्वीकृतिका लागि गाउँ शिक्षा समिति समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि स्वीकृतिका लागि प्राप्त हुन आएमा गाउँ शिक्षा समितिले समितिका कुनै एक सदस्यको संयोजकत्वमा गाउँ शिक्षा अधिकारी सदस्य सचिव रहने गरी तीन सदस्यीय सुझाव समिति गठन गरि सुझाव लिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको समितिको सुझाव समेतको आधारमा गाउँ शिक्षा समितिले जस्ताको तस्तै वा सुधार सहितको विद्यालय सञ्चालन कार्यविधि स्वीकृत गरी कार्यान्वयनका लागि सम्बन्धित विद्यालयमा फिर्ता पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम स्वीकृत विद्यालय सञ्चालन कार्यविधि गाउँपालिकाले स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिम स्वीकृत कार्यविधि बमोजिम विद्यालय सञ्चालन गर्नु विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक तथा शिक्षकहरुको कर्तव्य हुनेछ ।

## परिच्छेद -५

## अनौपचारिक तथा दूर शिक्षा सम्बन्धी व्यवस्था

२३. **अनौपचारिक शिक्षा सञ्चालन गर्न सक्ने** : (१) आवश्यकता अनुसार दक्ष जनशक्ति तयार गर्नका लागि गाउँपालिका आफैले अनौपचारिक शिक्षा सञ्चालन गर्न सक्नेछ ।

(२) कुनै संस्था वा व्यक्तिले अनौपचारिक शिक्षा सञ्चालन गर्न चाहेमा गाउँपालिका शिक्षा समिति समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन पर्न आएमा शिक्षा समितिले अनौपचारिक तथा दूर शिक्षा समितिसँग सो विषयमा राय सुझाव माग गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम राय सुझाव माग भएकोमा पन्ध्र दिनभित्र अनौपचारिक तथा दूर शिक्षा समितिले त्यस्तो अनुमति दिने वा नदिने वा के कुन शर्तमा अनुमति दिन सकिने वा नसकिने भन्ने विषयमा लिखित राय सुझाव पेश गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम राय सुझाव प्राप्त भए पछि शिक्षा समितले सो निवेदनका सम्बन्धमा आवश्यक जाँचबुझ गरी निवेदन माग बमोजिम अनौपचारिक

शिक्षा सञ्चालन गर्न स्वीकृति दिन हुने देखिएमा आवश्यक शर्तहरु तोकी स्वीकृति दिन निर्णय गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम स्वीकृति दिन निर्णय भएकोमा तोकिएको शर्त पालन गर्ने गरी गाउँ शिक्षा अधिकारीले अनौपचारिक शिक्षा सञ्चालनको स्वीकृति प्रदान गर्नेछ ।

(६) कुनै संस्थाले उपदफा (५) र (६) बमोजिम तोकिएको शर्त अनुरुप अनौपचारिक शिक्षा सञ्चालन नगरेमा शिक्षा समितिले त्यस्तो संस्थालाई दिएको स्वीकृति कुनै पनि बखत रद्द गर्न सक्नेछ ।

(७) अनौपचारिक शिक्षा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनका लागि अनौपचारिक शिक्षा भन्नाले विद्यालय वा कुनै निर्धारित पाठ्यक्रम, कक्षा, परीक्षा प्रणालीबाट बाहिर, दैनिक, सामाजिक र आर्थिक जीवनका लागि विभिन्न विधिबाट प्रदान गरिने तीस दिनदेखि १८० (एक सय असि) दिनसम्मको जीवन उपयोगी सिप वा ज्ञानलाई जनाउनेछ ।

२४. **दूर शिक्षा प्रदान गर्न सक्ने** : (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र देहायका विषयमा दूर शिक्षा प्रदान गर्न सक्नेछ;-

(क) शिक्षण शिक्षा र शिक्षक तालिम सम्बन्धमा,

(ख) विद्यालय शिक्षा सम्बन्धमा,

(ग) खुल्ला शिक्षा सम्बन्धी अन्य कार्यक्रमका सम्बन्धमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिकाले आफ्नो स्थानीय आवश्यकता अनुसारको सिप र ज्ञान प्रदान गर्नका लागि अन्य विषयमा समेत दूर शिक्षा प्रदान गर्न सक्नेछ ।

२५. **दूर शिक्षा सञ्चालन गर्न सक्ने** : (१) शिक्षाको पहुँच विस्तारका लागि आवश्यकता अनुसार गाउँपालिका आफैले दूर शिक्षा सञ्चालन गर्न सक्नेछ ।

(२) कुनै संस्था वा व्यक्तिले दूर शिक्षा सञ्चालन गर्न चाहेमा गाउँपालिका शिक्षा समिति समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन पर्न आएमा शिक्षा समितिले अनौपचारिक तथा दूर शिक्षा समितिसँग सो विषयमा राय सुझाव माग गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम राय सुझाव माग भएकोमा पन्ध्र दिनभित्र अनौपचारिक तथा दूर शिक्षा समितिले त्यस्तो अनुमति दिने वा नदिने वा के कुन शर्तमा अनुमति दिन सकिने वा नसकिने भन्ने विषयमा लिखित राय सुझाव पेश गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम राय सुझाव प्राप्त भए पछि शिक्षा समितले सो निवेदनका सम्बन्धमा आवश्यक जाँचबुझ गरी निवेदन माग बमोजिम दूर शिक्षा सञ्चालन गर्न स्वीकृति दिन हुने देखिएमा आवश्यक शर्तहरु तोकी स्वीकृति दिन निर्णय गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम स्वीकृति दिन निर्णय भएकोमा तोकिएको शर्त पालन गर्ने गरी गाउँ शिक्षा अधिकारीले दूर शिक्षा सञ्चालनको स्वीकृति प्रदान गर्नेछ ।

(६) कुनै संस्थाले उपदफा (५) र (६) बमोजिम तोकिएको शर्त अनुरुप दूर शिक्षा सञ्चालन नगरेमा शिक्षा समितिले त्यस्तो संस्थालाई दिएको स्वीकृति कुनै पनि बखत रद्द गर्न सक्नेछ ।

(७) दूर शिक्षा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२६. **अनौपचारिक तथा दूर शिक्षा समिति** : (१) गाउँपालिकास्तरमा अनौपचारिक तथा दूर शिक्षाको रेखदेख, व्यवस्थापन, समन्वय र निरीक्षण गर्नको लागि देहायका सदस्यहरु रहेको एक अनौपचारिक तथा दूर शिक्षा समिति रहनेछ;-

(क) कार्यपालिका सदस्यहरु मध्येबाट गाउँपालिका अध्यक्षले तोकेको सदस्य -अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) गाउँ पाठ्यक्रम विकास केन्द्रको संयोजक -सदस्य

(घ) गाउँपालिकाको सूचना प्रविधि शाखा प्रमुख -सदस्य

(ङ) महिला बालबालिका शाखा प्रमुख -सदस्य

(च) अनौपचारिक तथा दूर शिक्षा समितिले तोकेको अनौपचारिक वा दूर शिक्षा सञ्चालन गर्ने संस्थाका प्रतिनिधि एकजना -सदस्य

(छ) दलित तथा अपांगहरू मध्यबाट कम्तीमा एकजना महिला सहित अनौपचारिक शिक्षा समितिले तोकेको दुईजना -सदस्य

(ज) आधारभूत र माध्यमिक विद्यालयका प्रधानाध्यापकमध्ये अनौपचारिक शिक्षा समितिले तोकेको एक जना -सदस्य

(झ) गाउँ शिक्षा अधिकारी -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमका पदेन सदस्य बाहेकका सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(३) अनौपचारिक तथा दूर शिक्षा समितिले आवश्यकतानुसार वडा स्तरमा समेत अनौपचारिक तथा दूर शिक्षा समिति गठन गर्न सक्नेछ ।

(४) अनौपचारिक तथा दूर शिक्षा समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) अनौपचारिक तथा दूर शिक्षा समितिको बैठक कम्तिमा तीन महिनामा एक पटक र वर्षमा बढीमा छ पटक बस्न सक्नेछ ।

(६) अनौपचारिक तथा दूर शिक्षा समितिका सदस्यले गाउँ कार्यपालिका सदस्यले पाए सरहको बैठक भत्ता पाउनेछन् ।

(७) अनौपचारिक तथा दूर शिक्षा समितिको सचिवालय गाउँपालिकाको शिक्षा शाखामा रहनेछ ।

(८) अनौपचारिक तथा दूर शिक्षा समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२७. **अनौपचारिक तथा दूर शिक्षा समितिको काम, कर्तव्य र अधिकार** : (१) अनौपचारिक तथा दूर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ;-

(क) अनौपचारिक तथा दूर शिक्षा सम्बन्धमा नीति निर्माणमा मस्यौदा र सिफारिस गर्ने,

(ख) अनौपचारिक तथा दूर शिक्षा सम्बन्धी कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने,

(ग) अनौपचारिक तथा दूर शिक्षाको लागि स्रोत र साधनको आवश्यक व्यवस्था गर्ने,

(घ) अनौपचारिक तथा दूर शिक्षा प्रदान गर्ने शिक्षण संस्थालाई सम्बन्धन दिने,

(ङ) अनौपचारिक तथा दूर शिक्षा सम्बन्धमा समकक्षता निर्धारणको व्यवस्था मिलाउने,

(च) स्वीकृत पाठ्यक्रमको आधारमा अनौपचारिक तथा दूर शिक्षाको पाठ्यसामग्री स्वीकृत गर्ने,

(छ) अनौपचारिक तथा दूर शिक्षा प्रदान गर्ने संस्थाको निरीक्षण तथा मूल्याङ्कन गर्ने,

(ज) अनौपचारिक तथा दूर शिक्षाको माध्यमबाट उच्च शिक्षा प्रदान गर्ने सम्बन्धमा अध्ययन अनुसन्धानको व्यवस्था गर्ने,

(झ) अनौपचारिक तथा दूर शिक्षाको परीक्षा सम्बन्धी आवश्यक व्यवस्था मिलाउने,

(ञ) अनौपचारिक तथा दूर शिक्षा सम्बन्धी अन्य काम गर्ने,

(ट) अनौपचारिक तथा दूर शिक्षा सम्बन्धी पाठ्यक्रम तथा पाठ्य लेखन मूल्याङ्कनको पारिश्रमिक निर्धारण गर्ने,

(ठ) अनौपचारिक तथा दूर शिक्षा सम्बन्धी तोकिए बमोजिम अन्य कार्य गर्ने ।

## परिच्छेद -६

## दरबन्दी मिलान, शैक्षिक योग्यता, नियुक्ति , सरुवा र बढुवा सम्बन्धी व्यवस्था

२८. **दरबन्दी मिलान** : (१) तोकिएको मापदण्डको आधारमा विद्यार्थी शिक्षक अनुपात निर्धारण गरी गाउँ शिक्षा समितिले प्रत्येक वर्षको चैत्र महिनाभित्र दरबन्दी मिलान गर्ने कार्य गर्नु पर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत रहेको जगेडा शिक्षक दरबन्दी यसै ऐन बमोजिम गाउँपालिका मातहत रहनेछ ।

२९. **शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्ने** : गाउँपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी सङ्ख्या र विषयको आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ ।

३०. **शिक्षक छनौट समिति** : (१) गाउँ शिक्षा समितिले गाउँपालिका क्षेत्रभित्र रहेका विद्यालयहरुको स्वीकृत दरबन्दी, राहत दरवन्दी तथा बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरुको रिक्त पदहरुमा करारमा नियुक्ती गर्न सम्बन्धित विद्यालयले विज्ञापन गरी नियमानुसार परीक्षा लिई योग्य उम्मेदवारलाई नियुक्तिका लागि सिफारिस गर्न देहाय बमोजिमको एक शिक्षक छनौट समिति गठन गर्नेछ;-

(क) सम्बन्धित विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य -अध्यक्ष,

(ख) सम्बन्धित विषय विज्ञको सूचीमा रहेको शिक्षक दुई जना - सदस्य,

(ग) गाउँ शिक्षा अधिकारी -सदस्य,

(घ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको गाउँपालिकाको प्रशासन शाखाको कर्मचारी -सदस्य,

(ङ) सम्बन्धित विद्यालयका प्रधानाध्यापक - सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ख) को प्रयोजनका लागि गाउँपालिकाले प्रत्येक वर्ष आधारभूत तथा माध्यमिक तहको विज्ञको सूची तयार गर्नु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिकाले विज्ञ सूची तयार नगरेको अवस्था संखुवासभा जिल्ला वा अन्य जिल्लाका शिक्षा इकाइले तयार गरेको सूचीबाट विज्ञ नियुक्ति गर्न बाधा पर्नेछैन ।

(४) उपदफा (१) को खण्ड (ख) बमोजिमको सदस्य उपदफा (१) बमोजिमको समितिका अन्य सदस्यहरुले निर्णय गरी तोक्नु पर्नेछ ।

(५) शिक्षक दरबन्दी रिक्त हुन गएमा दरबन्दी रिक्त भएको ३० (तीस) कार्यदिन भित्र शिक्षक नियुक्तिको सिफारिस गरी सक्नु पर्नेछ ।

(६) शिक्षक छनौट समितिबाट भएको कार्यको लिखित प्रतिवेदन त्यस्तो कार्य सम्पन्न भएको मितिले पन्ध्र दिनभित्र गाउँ शिक्षा समितिमा पेश गर्नु पर्नेछ ।

(७) रिक्त दरबन्दीमा करार शिक्षक नियुक्ति सिफारिस गर्दा शिक्षक सेवा आयोगको करार सूचीलाई पहिलो प्राथमिकता दिनु पर्नेछ । यसका लागि सात दिनभित्र करार सूचीका लागि र पन्ध्र दिनभित्र अन्य उमेद्वारका लागि विज्ञापन सम्बन्धित विद्यालयले आह्वान गर्नु पर्नेछ ।

(८) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि शिक्षक सेवा आयोगबाट प्रकाशित करार सूचीमा सिफारिस उम्मेदवार उपलब्ध भए शिक्षक छनौट समितिले अन्तवार्ता मात्र लिई नियुक्तिको लागि सिफारिस गर्नेछ, नभएमा यसै दफा बमोजिम शिक्षक छनौट समितिले नियमानुसार शिक्षक छनौटका सम्पूर्ण प्रक्रिया पूरा गरी नियुक्तिको लागि सिफारिस गर्नेछ ।

३१. **<u>शैक्षिक योग्यता</u>** : (१) विद्यालयका शिक्षक, कर्मचारी तथा बालविकास केन्द्रका सहयोगी कार्यकर्ताका लागि चाहिने शैक्षिक योग्यता प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भए तापनि स्थानीय पाठ्यक्रम वा मातृभाषा अध्यापन गर्ने शिक्षकको योग्यता त्यस्तो शिक्षक नियुक्तिको विज्ञापन गर्दा कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

३२. **<u>शिक्षकको नियुक्ति, सेवाका सर्त र सुविधा</u>** : (१) विद्यालयमा रिक्त स्वीकृत तथा राहत दरबन्दी र बालविकास केन्द्रका सहयोगी कार्यकर्ताको करारमा नियुक्ति दफा ३० बमोजिमको समितिको सिफारिसमा विद्यालयले गर्नेछ ।

(२) बालविकास सहयोगी कार्यकर्ताको योग्यता र सेवा सर्त सुबिधा तोकिए बमोजिम हुनेछ ।

(३) शिक्षक सेवा आयोगबाट स्थायी नियुक्तिका लागि सिफारिस भै आएका शिक्षकलाई विषय मिल्नेगरी स्थायी नियुक्ति दिई काममा लगाउनु पर्नेछ ।

(४) विद्यालयमा रिक्त स्वीकृत दरबन्दी, राहत दरबन्दी र बाललविकास केन्द्रका सहयोगी कार्यकर्ताको नियुक्ति र सेवाका सर्त सम्बन्धी अन्य व्यवस्था सङ्घीय कानून बमोजिम हुनेछ ।

(५) विद्यालयमा रिक्त स्वीकृत दरबन्दी, राहत दरबन्दी र बालविकास केन्द्रका सहयोगी कार्यकर्ताको नियुक्ति र सेवाका सर्त सङ्घीय कानूनमा व्यवस्था नभएमा गाउँपालिकाबाट तोकिए बमोजिम हुने हुनेछ ।

३३. **<u>शिक्षक सरुवा</u>** : (१) एउटै विद्यालयमा दुई वर्ष वा दुई शैक्षिक सत्र सेवा अवधि पूरा गरेका शिक्षकहरुलाई गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिकाभित्रका विद्यालयको समान पदमा प्रमुख प्रशासकीय अधिकृतले सरुवा गर्न सक्नेछ ।

(२) गाउँपालिका भित्र गाउँ शिक्षा समितिले स्वीकृत दरबन्दीका स्थायी, राहत दरबन्दीका करार शिक्षकहरु र बालविकास सहयोगी कार्यकर्तालाई आवश्यक मापदण्ड बनाई सरुवाको सिफारिस गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एउटै विद्यालयमा निरन्तर पाँच वर्षसम्म सेवा गरेका स्थायी शिक्षकहरु वा १ (एक) वर्ष सम्म कार्यरत रहेका बालविकास सहयोगी कार्यकर्ता वा करार शिक्षकहरुलाई कार्यपालिकाले एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गर्न सक्नेछ ।

(४) यस दफा बमोजिम गाउँ शिक्षा समितिले गरेको निर्णय कार्यान्वयन गर्ने गराउने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतको हुनेछ ।

(५) शिक्षक सरूवा सम्बन्धी अन्य व्यवस्था प्रचलित सङ्घीय कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

(६) उपदफा (५) मा जुसुकै कुरा लेखिएको भए तापनि शिक्षक सरूवा सम्बन्धी अन्य व्यवस्था प्रचलित सङ्घीय कानूनमा उल्लेख नभएमा कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

३४. **शिक्षक बढुवा** : (१) शिक्षकको बढुवा प्रयोजनको लागि तोकिए बमोजिमको पद निर्धारण गरिनेछ ।

(२) शिक्षकको बढुवा सम्बन्धी अन्य व्यवस्था सङ्घीय कानून बमोजिम हुनेछ ।

३५. **तलब भत्ता नपाउने** : (१) दफा ६७ मा उल्लेखित अवस्था वा प्रचलित कानून बमोजिम बिदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षक कर्मचारीले अनुपस्थित रहेको अवधिको तलब भत्ता पाउने छैनन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम असाधारण बिदा वा वेतलवी विदा स्वीकृत गरी विदामा बसेका शिक्षक कर्मचारीले त्यसरी विदामा बसेको अवधि भरको तलब भत्ता पाउने छैनन् ।

३६. **सेवा अवधि गणना** : (१) यस ऐन र प्रचलित सङ्घीय कानून बमोजिम नियुक्ति भएको शिक्षक कर्मचारीको सेवा अवधि नियुक्ति पाएको मितिदेखि गणना गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम असाधारण बिदा वा वेतलवी विदा स्वीकृत गरी विदामा बसेका शिक्षक कर्मचारीको त्यसरी विदामा बसेको अवधि सेवा अवधिमा गणना गरिने छैन ।

३७. **प्रधानाध्यापक सम्बन्धी व्यवस्था** : (१) प्रत्येक सामुदायिक विद्यालयमा एक जना प्रधानाध्यापकको दरबन्दी रहनेछ ।

(२) प्रत्येक सामुदायिक विद्यालयमा आवश्यकता अनुसार सहायक प्रधानाध्यपकको व्यवस्था गरिनेछ ।

(३) प्रधानाध्यापक र सहायक प्रधानाध्यापकको नियुक्ति सम्बन्धित विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँ शिक्षा समितिको निर्णय बमोजिम गाउँ शिक्षा अधिकारीले गर्नेछ ।

(४) गाउँ शिक्षा समितिले प्रधानाध्यापक र सहायक प्रधानाध्यापकको नियुक्तिका लागि सिफारिस गर्दा प्रचलित कानून् बमोजिम गर्नु पर्नेछ ।

(५) उपदफा (४) मा जुन सुकै कुरा लेखिएको भए तापनि प्रचलित कानूनमा त्यस्तो कुनै व्यवस्था नभएमा कार्यपालिकाले तोकिदिए बमोजिम हुनेछ ।

३८. **कर्मचारी सम्बन्धी व्यवस्था** : (१) यो ऐन प्रारम्भ हुनु अघि सामुदायिक विद्यालयमा प्रचलित कानून बमोजिम नियुक्त भएका विद्यालय सहयोगी, विद्यालय लेखापाललाई कर्मचारीको रूपमा निरन्तरता दिइनेछ ।

(२) गाउँपालिका क्षेत्रभित्रका कुनै सामुदायिक विद्यालयमा उपदफा (१) बमोजिमको कर्मचारी नभएको अवस्थामा वा उपदफा (१) बमोजिमको कर्मचारी सेवा

निवृत्त भई दरबन्दी रिक्त भएमा त्यस्तो दरबन्दीमा गाउँपालिकाले कर्मचारीको नियुक्ति गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुन सुकै कुरा उल्लेख भए पनि विद्यालयलाई तत्कालै आवश्यकता भई रिक्त दरबन्दीमा कर्मचारी नियुक्ति गर्न चाहेमा गाउँपालिकाबाट अनुमति लिई करार शिक्षक छनौट समितिले नियमानुसार परीक्षा सञ्चालन गरी छनोट भएका कर्मचारीलाई नियुक्ति गर्न विद्यालयलाई सिफारिस गर्न सक्नेछ ।

(४) उपदफा (२) र मा (३) जुन सुकै कुरा लेखिएको भए तापनि प्रचलित कानूनमा त्यस्तो कुनै व्यवस्था नभएको अवस्थामा कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(५) कर्मचारीको योग्यता, छनौट सम्बन्धी मापदण्ड तोकिए बमोजिम हुनेछ ।

३९. **शिक्षकलाई अन्य काममा लगाउन नहुने** : (१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासनिक सम्बन्धी काममा बाहेक अन्य काममा लगाउनु हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी गाउँपालिकाले शैक्षिक समन्वयकर्ताको रूपमा कार्य गर्ने गरी तोक्न सक्नेछ ।

(३) शैक्षिक समन्वयकर्ताको योग्यता शिक्षा शास्त्रको जुनसुकै विषयमा कम्तीमा स्नातकोत्तर उतीर्ण गरेको र अनुभव माध्यमिक तहमा कम्तीमा पाँच वर्ष स्थायी सेवा गरेको वा आधारभूत तहको भए कम्तीमा दस वर्ष स्थायी सेवा गरिरहेको शिक्षक हुनु पर्नेछ ।

(४) शैक्षिक समन्वयकर्ताको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(५) यस दफामा अन्यत्र जुन सुकै कुरा लेखिएको भए तापनि अनौपचारिक शिक्षा तथा दूर शिक्षा अध्ययन अध्यापनका लागि कार्यपालिकाले निर्णय गरी शिक्षकलाई जुनसुकै स्थानमा खटाउन सक्नेछ ।

४०. **शिक्षक कर्मचारीको पदीय आचरण** : (१) सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षक कर्मचारीले देहाय बमोजिमको पदीय आचरण र आचार संहिताको पालना गर्नु पर्नेछ;-

क. आफूलाई कामकाज गर्न तोकिएको विद्यालयमा गई आफूलाई तोकिएको काम काज गर्नु पर्ने,

ख. निर्धारित समयमा विद्यालयमा हाजिर भई नियमित रुपले आए गएको समय जनाई हाजिर हुनु पर्ने,

ग. विदा बस्नु परेमा विदा स्वीकृत गराएर मात्र बिदा बस्नु पर्ने बिदा स्वीकृत नगराई विद्यालयमा अनुपस्थित हुन नहुने,

तर काबु बाहिरको परिस्थिति परी विद्यालयमा हाजिर हुन नसक्ने अवस्थामा सो को जानकारी प्रधानाध्यापकलाई गराई सो पछि विद्यालयमा हाजिर भएको दिन नै बिदा स्वीकृत गराई अभिलेखमा जनाउनु पर्नेछ ।

घ. आफ्नो सेवा सम्बन्धी कुरामा मतलब साध्य गर्ने मनसायले कसैमाथि पनि कुनै राजनैतिक वा अवाञ्छनीय प्रभाव पार्न वा प्रभाव पार्ने प्रयत्न गर्न गराउन नहुने,

ङ. नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र नेपाली जनताको पारस्परिक सम्बन्धमा वा कुनै विदेशी राष्ट्रसँगको सम्बन्धमा खलल् पर्न सक्ने गरी आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशित गर्न वा प्रेसलाई कुनै खबर दिन वा रेडियो वा टेलिभिजन आदि जस्ता सूचना माध्यमद्वारा भाषण प्रसारित गर्न वा कुनै सार्वजनिक भाषण दिन वा वक्तव्य प्रकाशित गर्न गराउन नहुने,

च. कुनै भाषा, सम्प्रदाय तथा धर्म विरोधी भावना शिक्षक तथा विद्यार्थी वर्गमा फैलाउने कार्य गर्न गराउन नहुने,

छ. सामुदायिक विद्यालयका शिक्षकले व्यवस्थापन समिति, गाउँ शिक्षा सामिति र गाउँपालिकाको स्वीकृति नलिई आफू बहाल रहेको विद्यालय बाहिर काम गर्न नहुने,

ज. अदालतको अवहेलना हुने वा कुनै पनि कार्यालय वा अधिकारीलाई कानून बमोजिमको कर्तव्य पूरा गर्नमा बाधा विरोध हुने गरी प्रदर्शन, हड्ताल, थुनछेक तथा घेराउ गर्न गराउन नहुने,

झ. विद्यार्थीलाई कुनै पनि प्रकारको शारीरिक वा मानसिक यातना दिन नहुने ।

(२) उपदफा (१) बमोजिमको पदीय आचरण र आचार संहिताको पालन भए नभएको अभिलेख शिक्षकहरुको हकमा प्रधानाध्यापकले र प्रधानाध्यापकको हकमा व्यवस्थापन समितिले राख्नु पर्नेछ ।

(३) यस दफा बमोजिमको पदीय अआचरण र आचार संहिता पालन नभएको भए त्यसको विवरण गाउँ शिक्षा समित र गाउँपालिकामा पठाउनु पर्नेछ ।

४१. **<u>स्थायी आवासीय अनुमति लिन नहुने</u>** : (१) सामुदायिक विद्यालयमा कार्यरत कुनै शिक्षक वा कर्मचारीले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्न हुँदैन ।

(२) सामुदायिक विद्यालयमा कार्यरत कुनै शिक्षक वा कर्मचारीले कुनैपनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन ।

४२. **<u>विद्यार्थीले पालन गर्नु पर्ने आचार संहिता</u>** : (१) विद्यार्थीहरुले देहाय बमोजिमको आचार संहिता पालन गर्नु पर्नेछ;-

क. तोकिएको समयमा विद्यालयमा उपस्थित भई अध्ययन अध्यापनको कार्यमा सहभागी हुने,

ख. नियमित सरसफाइमा ध्यान दिने,

ग. विद्यालय आउँदा नियमित रूपमा तोकिएको विद्यालय पोशाक लगाउने,

घ. विद्यालयले तोकेको समूह (हाउस) मा सहभागी हुने,

ङ. आफ्नो समूह (हाउस) मा र अन्तर समूह (हाउस) बीच हुने कार्यक्रममा आफू पनि सहभागी हुने,

च. शिक्षक र कर्मचारीको आज्ञापालन आदर गर्नु पर्ने,

छ. विद्यालय वा घर परिवार वा समाजमा जहाँसुकै अनुशासनमा रहनु पर्ने,

ज. विद्यालयले आयोजना गरेको कार्यक्रममा सक्रिय रुपमा भाग लिनु पर्ने,

झ. सबैसँग शिष्ट बोलिचाली र व्यवहार गर्नु पर्ने,

ञ. व्यवस्थापन समितिले निर्धारण गरेका अन्य आचार संहिता पालना गर्नु पर्ने ।

(२) विद्यालयमा उपदफा (१) बमोजिमको आचार संहिताको पालन भए नभएको अनुगमन र नियमन गर्न शिक्षकहरू मध्येबाट एकजना शिक्षकलाई अनुशासन निरीक्षक (Discipline Incharge-DI) को रूपमा प्रधानाध्यापकले तोकी सो को जानकारी गाउँपालिकालाई दिनु पर्नेछ ।

(३) कक्षा कोठाभित्रको अनुशासन र पठन पाठनलाई अनुगमन र नियमन गर्न प्रधानाध्यापकले प्रत्येक कक्षामा एकजना कक्षा शिक्षक तोकी सो को जानकारी गाउँपालिकालाई दिनु पर्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिम तोकिएको शिक्षकले यस दफा बमोजिमको आचार संहिता पालना गर्न गराउन लगाउनेछ ।

(५) यस दफा बमोजिमको अनुशासनको पालना सम्बन्धमा तथा समग्र विद्यार्थीको अध्ययन अध्यापन सम्बन्धमा आवधिक छलफल गर्नका लागि उपदफा (३) बमोजिम तोकिएको कक्षा शिक्षकले त्रैमासिक रूपमा अविभावक बैठक आयोजना गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम आयोजना गरिएको बैठकको छलफलको विषय, बैठकले गरेको निर्णय र सुझावहरु बैठक बसेको मितिले पन्ध्र दिनभित्र प्रधानाध्यापक मार्फत गाउँपालिका शिक्षा शाखामा पेश गर्नु पर्नेछ ।

४३. **<u>शिक्षक क्षमता विकास</u>** : (१) शिक्षकको क्षमता विकास, सिकाइका नयाँ प्रविधि-पद्धति र विषयगत दक्षता अभिवृद्धि गर्दै राष्ट्रिय र स्थानीय शिक्षा नीति अनुसार शिक्षाको गुणस्तर बढाउन गाउँपालिकाले शिक्षक तालिमलाई व्यवस्थित, अनिवार्य र नियमन गर्नु पर्नेछ ।

(२) शिक्षकलाई सूचनासञ्चार प्रविधि साक्षरता (ICT Literacy), विद्युतीय शब्दावली (Digital Pedagogy) तथा साइवर सुरक्षा (Cyber Safety) विषयमा विद्यालयले वा गाउँपालिकाले नेपाल सरकार वा साझेदार निकायको सहयोगमा हरेक वर्ष तालिम सञ्चालन गरी सो को अभिलेख राखी शिक्षक मूल्यांकनमा समावेश गर्ने व्यवस्था गरिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको तालिम देहाय बमोजिम हुनेछ;-

क. आधारभूत शिक्षक तालिम

ख. पुनर्ताजगी तालिम (Refresher Training)

ग. पूर्व-सेवा कालिन तालिम (Pre-service Training)

घ. सेवा-कालीन तालिम (In-service Training)

ङ. अनलाइन/मिश्रित तालिम

च. मूल्यांकनमा मान्यता प्राप्त तालिम (Accredited Training in Evaluation)

छ. विषयगत तालिम (Subject-wise)

ज. प्राविधिक तालिम (ICT, digital pedagogy)

झ. बालमैत्री, समावेशी शिक्षा, अपाङ्गता—मैत्री सिकाइ तालिम

ञ. शैक्षिक नेतृत्व तथा व्यवस्थापन तालिम (for principals/HTs)

ट. घुम्ती/बहु-कक्षा तालिम (for multi-grade or mobile schools)

(४) शिक्षकको रूपमा नियुक्ति भै अध्ययन अध्यापन गर्न गराउन गाउँपालिकाले देहाय अनुसारका तालिमलाई अनिवार्य गर्न गराउन सक्नेछ;-

क. नियुक्त शिक्षकका लागि न्यूनतम तालिम घन्टा अनिवार्य गर्न,

ख. तालिम नलिएका शिक्षकलाई सरुवा, बढुवा वा स्थायी नियुक्ति नगर्न,

ग. प्रत्येक शिक्षकले प्रत्येक ३ (तीन) वर्षमा कम्तीमा एक पुनर्ताजगी तालिम लिनुपर्ने व्यवस्था गर्न ।

(५) यस दफा बमोजिम शिक्षकलाई तालिम प्रदान गर्न तालिम प्रदायक संस्था सूचीकरण गर्नु पर्नेछ ।

(६) गाउँपालिका, प्रदेश वा संघीय सरकार वा निजी तथा गैर सरकारी संस्थाहरूसँग साझेदारीमा तालिम सञ्चालन गर्ने व्यवस्था गर्न सकिनेछ ।

(७) तालिमको पाठ्यक्रम राष्ट्रिय पाठ्यक्रम विकास केन्द्र (CDC) वा मान्यता प्राप्त निकायले तयार गरे बमोजिम हुनेछ ।

(८) तालिमको पाठ्यक्रममा सूचना सञ्चार प्रविधि (ICT), बालअधिकार, लैङ्गिक समानता, समावेशी शिक्षा, सुरक्षा नीति, कक्षा कोठा व्यवस्थापन (Classroom management) लागयतका गाउँपालिकाले तोकेका अन्य विषय अनिवार्य रूपमा समावेश भएको हुनु पर्नेछ ।

(९) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिकाले विकास गरेको स्थानीय पाठ्यक्रमको हकमा स्थानीय सन्दर्भ, भाषा र सांस्कृतिक विविधता अनुसार अनुकूल तालिम सामग्री गाउँपालिकाले तयार गर्न सक्नेछ ।

(१०) शिक्षा तालिम सम्बन्धमा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४४. **<u>सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध गरिने</u>** : (१) अस्थायी, करार, राहत दरबन्दी, निजि स्रोत तथा अनुदानका शिक्षक कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम सामाजिक सुरक्षा कोषमा आवद्ध हुन प्रचलित कानून बमोजिम सम्बन्धित शिक्षक कर्मचारीले योगदान गर्नु पर्नेछ ।

(३) सामाजिक सुरक्षा कोषमा शिक्षक कर्मचारीलाई आवद्ध गराउँदा गाउँपालिका वा त्यस्तो शिक्षक कर्मचारीलाई तलव सेवा सुविधाका लागि स्रोत उपलब्ध गराउने निकायले सरकाले गर्नु पर्ने योगदानको रकम समेत उपलब्ध गराउनु पर्नेछ ।

(४) सामाजिक सुरक्षा कोषमा शिक्षक कर्मचारीलाई आवद्ध गराउने सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

(५) सामाजिक सुरक्षा कोषमा शिक्षक कर्मचारीलाई आवद्ध गराउने सम्बन्धी अन्य व्यवस्था प्रचलित कानूनमा उल्लेख नभएमा गाउँपालिकाले तोकिदिए बमोजिम हुनेछ ।

## परिच्छेद -७

## गाउँ शिक्षा समिति तथा गाउँ शिक्षा अधिकारी सम्बन्धी व्यवस्था

४५. **गाउँ शिक्षा समिति** : (१) गाउँपालिका क्षेत्र भित्र सञ्चालन हुने विद्यालयको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको गाउँ शिक्षा समिति रहनेछ;-

(क) गाउँपालिका अध्यक्ष- अध्यक्ष,

(ख) गाउँपालिका उपाध्यक्ष- सदस्य,

(ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य,

(घ) कार्यपालिकाको सामाजिक विकास समितिको संयोजक -सदस्य,

(ङ) कार्यपालिकाका महिला सदस्यहरू मध्येबाट कार्यपालिकाले तोकेको एकजना -सदस्य,

(च) गाउँपालिका क्षेत्रभित्रका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट गाउँपालिका अध्यक्षले मनोनित गरेका एकजना -सदस्य,

(छ) सामुदायिक आधारभूत तथा माध्यमिक विद्यालयका प्रधानाध्यापकहरू मध्येबाट गाउँ शिक्षा समितिद्वारा मनोनित एकजना -सदस्य,

(ज) सामुदायिक विद्यालयका स्थायी महिला शिक्षकहरू मध्येबाट समितिद्वारा मनोनित एकजना -सदस्य,

(झ) गाउँ शिक्षा अधिकारी - सदस्य सचिव ।

(२) उपदफा (१) बमोजिम गठन हुने गाउँ शिक्षा समितिमा गाउँपालिका अध्यक्षको पद रिक्त भएको अवस्थामा गाउँपालिका अध्यक्षको काम काज गर्ने पदाधिकारी गाउँ शिक्षा समितिको अध्यक्ष हुनेछ ।

(३) समितिका पदेन सदस्य बाहेक अन्य सदस्यको पदावधि तीन वर्षको हुनेछ

(४) गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ;-

(क) गाउँपालिका क्षेत्र भित्रको शैक्षिक योजना तयार गर्ने,

(ख) गाउँपालिका क्षेत्र भित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने सम्बन्धी निर्णयको लागि कार्यपालिकामा सिफारिस गर्ने,

(ग) विद्यालयहरूको लागि आवश्यक आर्थिक स्रोत तथा अनुदानको खोजी गर्ने,

(घ) विद्यालयहरूमा सञ्चालन हुने परीक्षालाई मर्यादित, व्यवस्थित र भयरहित बनाउने,

(ङ) निजी स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरूको शिक्षक दरबन्दी सेवा सुविधा र सर्तहरूका सम्बन्धमा कार्यपालिका समक्ष आवश्यक राय सुझाव पेश गर्ने,

(च) व्यावसायिक, सीपमूलक र प्राविधिक शिक्षा सञ्चालनको लागि विद्यालयको व्यवस्थापन तथा आवश्यकता अनुसार तोकिएका कक्षाबाट व्यावसायिक, सीपमूलक र प्राविधिक शिक्षा सञ्चालन गर्ने गराउने,

(छ) विद्यालय शिक्षाको गुणस्तर वृद्दिका लागि विद्यालय व्यवस्थापन समितिहरुलाई आवस्यकता अनुसार निर्देशन दिने, जागरूक र सहज गराउने,

(ज) विद्यालय व्यवस्थापन समितिका काममा एकरूपता ल्याउन समन्वय गर्ने,

(झ) विद्यालयको गुणस्तर अभिवृद्धि गर्न सूचक निर्धारण गर्ने र मूल्याङ्कन गर्ने,

(ञ) विद्यालयहरूको सामाजिक परीक्षण गर्न गराउन लगाउने,

(ट) शैक्षिक गुठीसँग गर्ने सम्झौताका सर्तहरु निर्धारण गर्ने,

(ठ) विद्यालयहरुको निरीक्षण, अनुगमन तथा सुपरिवेक्षण गरी पृष्ठपोषण प्रदान गर्ने,

(ड) शैक्षिक संस्था र शिक्षासँग आबद्ध शिक्षक कर्मचारीहरूलाई कामका आधारमा आवश्यक प्रोत्साहन, नसिहत र दण्ड सजायका लागि कार्यपालिका समक्ष सिफारिस गर्ने,

(ढ) गाउँपालिका क्षेत्रभित्र रहेका विद्यालयहरूमा स्वीकृत दरबन्दी वा अनुदान दरबन्दी (राहतकोटा) वा बालविकास केन्द्रका सहयोगी

कार्यकर्ताको दरबन्दी रिक्त भई  करारमा नियुक्ति गर्नु पर्ने भएमा शिक्षक छनौट समितिलाई विज्ञापन गर्न र परीक्षा लिन लगाई योग्यताक्रम अनुसार करार सूची प्रकाशन गर्न निर्देशन दिने,

(ण) छनौट समितिले रिक्त रहेको स्वीकृत तथा राहत वा बाल विकास केन्द्रका सहयोगी कार्यकर्ताको दरबन्दीमा नियुक्तिका लागि सिफारिस गरेका व्यक्तिलाई नियुक्ति गर्न सम्बन्धित विद्यालयलाई निर्देशन दिने,

(त) शिक्षक छनौट समितिको कार्यविधि निर्माण गरी स्वीकृति र कार्यान्वयनका लागि कार्यपालिका समक्ष पेश गर्ने,

(थ) शिक्षक छनौट गर्नका लागि विशेषज्ञहरूको सूची प्रकाशन गर्ने,

(द) तोकिए बमोजिम शैक्षिक योजना निर्माणका लागि विज्ञहरू रहेको कार्यदल गठन गर्ने,

(ध) गाउँसभा तथा कार्यपालिकाले तोकेको, अन्य शैक्षिक कार्यहरू गर्ने,

(न) शैक्षिक कार्यको अनुगमनका लागि समितिका सदस्यहरुलाई तोक्ने ।

(५) यस दफा बमोजिम गाउँ शिक्षा समितिबाट भए गरेका काम कारवाहीको प्रत्येक चौमासिकमा आवधिक  प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(६) यस दफा बमोजिम गाउँ शिक्षा समितिबाट भए गरेका काम कारवाहीको वार्षिक प्रतिवेदन गाउँ सभामा पेश गर्नु पर्नेछ ।

४६. **वडा शिक्षा समिति** : (१) गाउँपालिकाका प्रत्येक वडामा देहाय बमोजिमको वडा शिक्षा समिति गठन हुनेछ;-

(क) सम्बन्धित वडाका वडा अध्यक्ष -संयोजक,

(ख) वडा समितिका सदस्यहरु मध्येबाट वडा अध्यक्षले तोकेको एकजना - सदस्य,

(ग) वडामा रहेका विद्यालयका विद्यालय व्यवस्थापन समिति अध्यक्ष मध्येबाट वडा शिक्षा समितिले तोकेको एकजना -सदस्य,

(घ) सम्बन्धित वडाका वडा सचिव — सदस्य,

(ङ) सम्बन्धित वडाको उच्च तहको विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव ।

(२) उपदफा (१) बमोजिम गठन हुने वडा शिक्षा समितिमा  वडा अध्यक्षको पद रिक्त भएको अवस्थामा वडा अध्यक्षको काम काज गर्ने पदाधिकारी वडा शिक्षा समितिको अध्यक्ष हुनेछ ।

(३) पदेन सदस्य बाहेक अन्य सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ ।

(४) वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(५) वडा शिक्षा समितिबाट भए गरेका कार्यको प्रतिवेदन चौमासिक रूपमा गाउँ शिक्षा समिति समक्ष पेश गर्नु पर्नेछ ।

४७. **<u>गाउँ शिक्षा अधिकारी सम्बन्धी व्यवस्था</u>** : (१) गाउँपालिका कार्यालयमा शिक्षा सम्बन्धी विषय हेर्नका लागि एक गाउँ शिक्षा अधिकारी रहनेछ ।

(२) उपदफा (१) बमोजिम छुट्टै गाउँ शिक्षा अधिकारीको नियुक्ति हुन नसकेको अवस्थामा शिक्षा शाखा हेर्न तोकिएको शाखा प्रमुख कर्मचारीले नै गाउँ शिक्षा अधिकारिको रूपमा कार्य गर्नेछ ।

(३) गाउँ शिक्षा अधिकारी वा शिक्षा शाखा प्रमुखको कार्य सम्पादनलाई प्रभावकारी बनाउन प्रमुख प्रशासकीय अधिकृतले आवश्यकता अनुसार सहयोग, सहजीकरण, निर्देशन र नियत्रण गर्नेछ ।

(४) गाउँ शिक्षा अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ;-

(क) गाउँपालिकाको शैक्षिक योजना निर्माण गरी प्रमुख प्रशासकीय अधिकृत मार्फत कार्यपालिकामा पेश गर्ने,

(ख) गाउँ सभाबाट पारित शैक्षिक योजना कार्यान्वयन गर्ने गराउने,

(ग) गाउँपालिकाको शैक्षिक कार्यक्रम कार्यान्वयन गर्ने गराउने,

(घ) विद्यालय जाने र विद्यालय बाहिर रहेका बालबालिकाहरूको खण्डीकृत तथ्याङ्क अद्यावधिक गरी प्रदेश तथा केन्द्रमा नियमित रुपमा पठाउने,

(ङ) विद्यालय सञ्चालन तथा शैक्षिक कार्यक्रम कार्यान्वयनका लागि स्रोतको व्यवस्थापन गर्न पहल गर्ने,

(च) माध्यमिक तह सम्मको शैक्षिक कार्यक्रमको समन्वय, नियमन तथा सुपरिवेक्षण गर्ने,

(छ) सेवा क्षेत्रभित्रका विद्यालय नक्शाङ्कन गरी विद्यालय खोल्ने अनुमति सिफारिस गर्ने वा नगर्ने सम्बन्धमा निर्णय गर्न शिक्षा समितिलाई आवश्यक सहयोग गर्ने,

(ज) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन, सरुवा तथा बढुवा सम्बन्धी कार्यमा शिक्षा समितलाई सहयोग गर्ने,

(झ) शिक्षा सम्बन्धी आवश्यक नियमावली, कार्यविधि र निर्देशिकाहरुको मस्यौदा तयार गरी कार्यपालिका समक्ष पेश गर्ने,

(ञ) स्वीकृत दरबन्दी अनुसारको तलब भत्ता लगायत विद्यालयका लागि विनियोजित रकम निकासा गर्न गराउन प्रमुख प्रशासकीय अधिकृतलाई सहयोग गर्ने,

(ट) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीहरुको व्यक्तिगत अभिलेख छुट्टा छुट्टै अद्यावधिक गर्ने,

(ठ) विद्यालयका प्रधानाध्यापकको विदा स्वीकृत गर्ने,

(ड) माध्यमिक तह बाहेक अन्य तहका शिक्षकहरुको प्राप्त कार्य सम्पादन मूल्याङ्कनको पुनरावलोकन कर्ताको रुपमा रही कार्य सम्पादन गर्ने,

(ढ) वार्षिक रुपमा विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक कर्मचारी दरबन्दी मिलान गर्ने तथा विद्यालयहरुमा न्यूनतम शिक्षक दरबन्दी उपलब्ध गराउन प्रयत्न गर्ने,

(ण) विद्यालयहरुको समूह विभाजन गरी शिक्षकहरुको मागका आधारमा वार्षिक स्वीकृत कार्यक्रममा रहेका तालिम तथा अन्य शैक्षिक कार्यक्रम सञ्चालन गर्ने गराउने,

(त) विद्यालयको गुणस्तर अभिबृद्धि गर्न प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक, तथा अन्य सरोकारवालाहरुको नियमित बैठक, गोष्ठी र तालिमहरुको आयोजना गर्ने,

(थ) माध्यमिक तह सम्मका परिक्षाका लागी उचित व्यवस्थापन गर्ने, विद्यार्थी सिकाइ उपलब्धि परीक्षण गर्ने, विद्यार्थी प्रोत्साहन कार्यक्रमका लागि छात्रवृत्तीको व्यवस्थापन कार्यान्वयन गर्ने,

(द) विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि प्रधानाध्यापकहरू सँग कार्य सम्पादन करार गर्ने,

(ध) शिक्षा सम्बन्धी कार्य गर्दा प्रमुख प्रशासकीय अधिकृतको सुपरिवेक्षण तथा निर्देशनको अधिनमा रही कार्य सम्पादन गर्ने,

(न) सामुदायिक विद्यालयका शिक्षकहरुलाई आफ्नो विषय प्रति जिम्मेवार र जवाफदेही बनाउने,

(प) अनुगमन निरीक्षक भई कार्य गर्ने,

(फ) शिक्षा सम्बद्ध माथिल्लो निकायबाट आएका अन्य निर्देशनहरुको पालना गर्ने,

(ब) गाउँपालिकाले तोकेको अन्य कार्य गर्ने ।

(५) यस दफा बमोजिम गाउँ शिक्षा अधिकारी वा शिक्षा शाखा प्रमुखले सम्पादन गरेको कार्यको मासिक प्रतिवेदन गाउँ शिक्षा समिति र कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम पेश गरिने प्रतिवेदनको ढाँचा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद -८

## कोष, अनुदान, शुल्क, छात्रवृत्ति तथा विद्यालयको सम्पत्ति सम्बन्धी व्यवस्था

४८. **शिक्षा विकास कोष** : (१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुर्याउन तथा विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न गाउँपालिकामा एउटा शिक्षा विकास कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन्;-

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(घ) संस्थागत विद्यालयबाट प्राप्त विद्यालयको वार्षिक कूल आम्दानी मध्ये तोकिए बमोजिमको रकम,

(ङ) चन्दा दान दातव्य दाताबाट प्राप्त रकम,

(च) विभिन्न स्वदेशी तथा विदेशी गैर सरकारी संघ संस्थाबाट प्राप्त रकम,

(छ) अन्य विविध स्रोतबाट प्राप्त हुने रकम ।

४९. **कोष सञ्चालक समिति** : (१) गाउँ शिक्षा समितिले नै कोषको सञ्चालक समितिको कार्य गर्नेछ ।

(२) कोषको परिचालन र कोष सञ्चालक समितिको काम, कर्तव्य, अधिकार कार्यपालिकाले तोकिदिए बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिम कोषको परिचालन र कोष सञ्चालक समितिको काम, कर्तव्य, अधिकार तोकेको सूचना स्थानीय राजपत्रमा प्रकाशन भए पछि मात्र लागू हुनेछ ।

५०. **विद्यालय कोष** : (१) प्रत्येक विद्यालयमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम रहने गरी एउटा विद्यालय कोष रहनेछ;-

(क) नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(ख) गाउँपालिकाको शिक्षा कोषबाट प्राप्त अनुदान रकम,

(ग) विभिन्न शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(घ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,

(ङ) अन्य विविध स्रोतबाट प्राप्त हुने रकम ।

(२) उपदफा (१) बमोजिम कोषको सञ्चालन र लेखा परीक्षण तथा सामाजिक परीक्षण गर्ने गराउने जिम्मेवारी सम्बन्धित विद्यालय व्यवस्थापन समितिको हुनेछ ।

(३) यस दफा बमोजिमको कोषको सञ्चालन, व्यस्थापन र परिचालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५१. **अक्षय कोषको व्यवस्था** : (१) शिक्षाको विकास र शैक्षिक उत्प्रेरणाको लागि गाउँपालिका, वडा, कुनै सामुदायिक संस्था वा विद्यालय तहमा जो कोहिले गाउँपालिकाबाट अनुमति लिई अक्षय कोष स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अक्षय कोष स्थापना गर्न अनुमति माग गर्दा सम्बन्धित वडा, कुनै सामुदायिक संस्था वा विद्यालय वा कोष स्थापना गर्न चाहने व्यक्ति वा संस्थाले निवेदन गर्न सक्नेछन ।

(३) उपदफा (१) र (२) बमोजिम निवेदन गर्दा कोष सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्यविधि समेत निवेदन साथै राखी पेश गर्नु पर्नेछ ।

(४) उपदफा (१), (२) र (३) बमोजिम अनुमतिका लागि माग भई आएमा गाउँपालिकाले त्यस्तो माग उपर आवश्यक छानबिन गरी अनुमति दिन मिल्ने भएमा कोष सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्यविधि स्वीकृत गरी कोष स्थापना गर्न अनुमति प्रदान गर्नु पर्नेछ ।

(५) अक्षय कोष सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्यविधिको ढाँचा कार्यपालिकाले तोकिदिए बमोजिम हुनेछ ।

(६) ) शिक्षाको विकास र शैक्षिक उत्प्रेरणाको लागि गाउँपालिका, वडा, कुनै सामुदायिक संस्था वा विद्यालय तहमा गाउँपालिकाले छुट्टै अक्षय कोष स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(७) यो ऐन प्रारम्भ हुनु भन्दा अघि कार्यान्वयनमा रहेका अक्षय कोषहरू यो ऐन प्रारम्भ भएको मितिले छ महिनाभित्र यसै ऐन बमोजिमको प्रकिया पूरा गरी अनुमति लिएर मात्र सञ्चालन गर्नु पर्नेछ ।

(८) उपदफा (७) को प्रयोजनका लागि सम्बन्धित विद्यालयले यस ऐन बमोजिम अनुमति लिने कार्य गर्नु पर्नेछ ।

(९) उपदफा (७) र (८) बमोजिम अनुमति नलिइएका अक्षय कोषहरू उपदफा (५) बमोजिमको कोषमा रूपान्तरण हुनेछ ।

(१०) उपदफा (९) बमोजिमको कोष गाउँपालिकाले सम्बन्धित वडा, कुनै सामुदायिक संस्था वा विद्यालय तहमा नै सञ्चालन गर्नु पर्नेछ ।

(११) यस दफा बमोजिम अक्षय कोष स्थापना दातालाई गाउँपालिकाले पुरस्कृत र सम्मान गर्न सक्नेछ ।

(१२) अक्षय कोष सञ्चालन र व्यवस्थापन सम्बन्धमा अन्य व्यवस्था कार्यपालिकाले तोकिदिए बमोजिम हुनेछ ।

५२. **<u>अनुदानको व्यवस्था</u>** : (१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौति नहुने गरी तोकिएको शीर्षक स्रोत र सूत्रको आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान उपलब्ध गराउनेछ ।

तर कुनै विद्यालयले तोकिएको शैक्षिक स्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिइँदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

(२) सामुदायिक विद्यालयलाई देहायका आधारमा अनुदान रकम उपलब्ध गराइनेछ;-

क. विद्यालयको विद्यार्थी सङ्ख्या,

ख. विद्यालयको शिक्षक सङ्ख्या,

ग. विद्यालयको परीक्षाको परिणाम,

घ. विद्यालयको आर्थिक अवस्था,

ङ. विद्यालय रहेको क्षेत्रको भौगोलिक अवस्था,

सिलगढी नगरपालिका

च. तोकिए बमोजिम अन्य अबस्था ।

(३) सामुदायिक विद्यालयलाई अनुदान रकम उपलब्ध गराउने सम्बन्धमा अन्य व्यवस्था गाउँपालिकाले तोकिदिए बमोजिम हुनेछ ।

५३. **प्रारम्भिक बालविकास केन्द्रलाई अनुदान दिन सक्ने** : गाउँपालिकाले प्रारम्भिक बालविकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान रकम दिन सक्नेछ ।

५४. **शुल्क सम्बन्धी व्यवस्था** : (१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीबाट कुनै पनि किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अभिभावकले स्वेच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्नेछ ।

(३) सबै वालवालिकाहरुलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नका लागि गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेक अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिईने शुल्क तोकिए बमोजिम हुनेछ ।

(५) विद्यालयले विद्यार्थीहरूलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नका लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(६) विद्यालयले आफ्नो भौतिक संरचना निर्माणका लागि विद्यार्थीहरू सँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयलले विद्यार्थीसँग लिन पाउने शुल्क गाउँपालिकाले निर्धारण र स्वीकृत गरे बमोजिम हुनेछ ।

(८) उपदफा (७) बमोजिम शुल्क निर्धारण र स्वीकृति दिंदा विद्यालयले उपलब्ध गराएको सुबिधाको आधारमा दिईनेछ ।

(९) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा गाउँपालिकाले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनेछ ।

(१०) शुल्क सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५५. **छात्रवृत्तिको व्यवस्था गर्न सक्ने** : (१) गाउँपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीहरुलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

(२) गाउँपालिकाले विद्यालय भर्ना दर वृद्दि गर्न तथा विद्यालय छाड्ने दर न्यूनीकरण गर्नका लागि छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

(३) दलित समुदायका छात्राहरूलाई गाउँपालिकाले शैक्षिक छात्रवृति उपलब्ध गराउन सक्नेछ ।

(४) अतिविपन्न तथा विपन्न समुदायका छात्रछात्रालाई गाउँपालिकाले उपलब्ध गराउन सक्नेछ ।

(५) गाउँपालिकाको सेवामा आवश्यक पर्ने विषय क्षेत्रका प्राविधिक विषय, उच्च शिक्षा तोकिएको विषयमा अध्ययन गर्न गाउँपालिकाले आवश्यक छात्रवृति उपलब्ध गराउन सक्नेछ ।

(६) गरिव वा जेहन्दार छात्रछात्रालाई गाउँपालिकाले प्राविधिक विषय अध्ययन गर्न छात्रवृति उपलब्ध गराउन सक्नेछ ।

(७) यस दफा बमोजिम छात्रवृति उपलब्ध गराउदा गाउँपालिकाको स्थायी वासिन्दालाई मात्र उपलब्ध गराउनु पर्नेछ ।

(८) गाउँपालिकाले वितरण गर्ने छात्रवृत्ति व्यवस्थापनका लागि देहाय अनुसारको एक छात्रवृत्ति व्यवस्थापन समिति रहनेछ;-

(क) गाउँ शिक्षा समितिको अध्यक्ष - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) कार्यपालिकाको सामाजिक विकास समितिको संयोजक -सदस्य

(घ) कार्यपालिकाले तोकेको कार्यपालिकाको महिला सदस्य - सदस्य

(ङ) गाउँ शिक्षा अधिकारी — सदस्य सचिव

(९) उपदफा (८) बमोजिमको समितिमा प्राविधिक क्षेत्रको विषयमा छात्रवृत्ति प्रदान गर्ने निर्णय गरिने बैठकमा गाउँपालिकाको सम्बन्धित शाखाको शाखा प्रमुखलाई आमन्त्रण गर्नु पर्नेछ ।

(१०) छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ;-

(क) छात्रवृत्तिको लागि खुल्ला आवेदन माग गर्ने,

(ख) छात्रवृत्ति पाउने छात्र छात्रा छनौट गर्ने,

(ग) यस ऐन बमोजिम पुरस्कार प्रदानको लागि सिफारिस गर्ने,

(घ) छात्रवृत्तिको प्रयोग सम्बन्धमा अनुगमन गर्ने,

(ङ) प्रदान गरिएको छात्रवृत्तिको दुरुपयोग गरिएमा फिर्ता गर्न सिफारिस गर्ने,

(च) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

(११) यस दफा बमोजिम छात्रवृत्ति पाउने आधार, छात्र छात्रा छनौट, छात्रवृत्तिको दर, छात्रवृत्ति उपलब्ध गराउने विधि लगायतका अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५६. **संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने** : (१) संस्थागत विद्यालयहरूले भर्ना भएका कूल विद्यार्थी सङ्ख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रूपमा विपन्न, अपाङ्ग, महिला, दलित वा जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्न विद्यालयले विद्यार्थी छनौट समिति गठन गर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँ शिक्षा समितिले छात्रवृत्तिका लागि विद्यार्थी छनौट गरी पठाउन सक्नेछ ।

(४) प्रत्येक विद्यालयले आफूले उपलब्ध गराएको छात्रवृत्तिको विवरण गाउँ शिक्षा समितिमा पेश गर्नु पर्नेछ ।

(५) संस्थागत विद्यालयले उपलब्ध गराउनु पर्ने छात्रवृत्ति समबन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५७. **विद्यालयको सम्पत्ति** : (१) सामुदायिक विद्यालयको हक भोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पति विद्यालयको शैक्षिक प्रयोजनका लागि मात्र प्रयोग गर्नु पर्नेछ ।

(२) यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति विद्यालयको काममा प्रयोगमा नआउने भएमा गाउँपालिकाले प्रचलित कानून बमोजिम बेचविखन गरी प्राप्त भएको रकम गाउँपालिकाको शिक्षा कोषमा जम्मा गर्नेछ ।

(३) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सम्बन्धित विद्यालयको नाममा रहनेछ ।

(४) कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(५) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सम्बन्धित कम्पनीको नाममा रहनेछ ।

(६) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रुपमा कुनै किसिमको चल अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाबाट स्वीकृति लिनु पर्नेछ ।

तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(७) नेपाल सरकार वा गाउँपालिकाको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकार वा गाउँपालिकाको स्वीकृति बिना बेचबिखन र हक हस्तान्तरण गर्न पाइने छैन ।

५८. **<u>विद्यालयलाई छुट र सुबिधा</u>** : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक विद्यालय र सार्बजनिक शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिस्ट्रेसन दस्तुर लाग्ने छैन ।

(२) सामुदायिक विद्यालय र सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट सुबिधा तोकिए बमोजिम हुनेछ ।

५९. **<u>विद्यालय दिवा खाजा व्यवस्था गर्ने</u>** : (१) प्रचलित कानून र गाउँपालिकाले तोकिदिए बमोजिम कक्षा पाँच सम्मका विद्यार्थीहरुको लागि विद्यालयमा अनिवार्य दिवा खाजाको व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिकाले आफ्नो आन्तरिक वा अन्य स्रोत परिचालन गरी आफ्नो भौगोलिक क्षेत्रभित्रका दश कक्षासम्मका विद्यार्थीहरूको लागि विद्यालयमा दिवा खाजाको व्यवस्था गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम दिवा खाजाको व्यवस्था गर्दा संघ वा प्रदेश सरकाले उपलब्ध गराएको अनुदान रकममा स्थानीय आवश्यकता अनुसार गाउँपालिकाले रकम थप गरी दिवा खाजाको व्यवस्था गर्न सक्नेछ ।

(४) दिवा खाजा व्यवस्थापन गर्दा विद्यालय तहमा चमेना गृह स्थापना गरी सोहि गृहबाट दिवा अखाजको व्यवस्थापन गर्न सकिनेछ ।

(५) उपदफा (४) बमोजिमको चमेना गृह विद्यालय आफैले वा कुनै व्यक्ति वा फर्मबाट समेत सञ्चालन गर्न सकिनेछ ।

## परिच्छेद -९

## खेलकुद सम्बन्धी व्यवस्था

६०. **गाउँ खेलकुद विकास समिति गठन गर्ने** : (१) विकास अनुशासन र गतिशिलताको पर्यायको रुपमा रहेको खेलकुद क्षेत्रलाई स्वास्थ्य, मर्यादित र प्रतिस्पर्धात्मक तवरबाट आपसी विश्वास, सहकार्य, समन्वय, एकता एवं सामाजिक सद्भाव कायम गर्ने उदेश्यका साथ खेलकुद गतिविधि सञ्चालनका लागि सिलीचोङ गाउँ खेलकुद विकास समिति गठन हुनेछ ।

(२) गाउँ खेलकुद विकास समिति गठन गर्नका लागि सबै वडाबाट वडा खेलकुद विकास समिति र वडा समिति संयुक्त बैठकले एक पुरुष र एक महिला छनौट गरी पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम वडाबाट छनौट गर्न वडा खेलकुद विकास समिति गठन नभएको अवस्थामा वडा समितिको बैठकले छनौट गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिम वडाबाट छनौट भई आएका मध्येबाट अध्यक्ष पुरुष भए उपाध्यक्ष महिला र महिला अध्यक्ष भए पुरुष उपाध्यक्ष छानिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम वडाबाट छनौट भई आएकाहरु वीच अध्यक्ष र उपाध्यक्षका लागि सहमति नजुटेमा छनौट भएकाहरु मध्येबाट गाउँपालिका अध्यक्षले अध्यक्ष र गाउँपालिका उपाध्यक्षले उपाध्यक्ष तोक्नेछ ।

(६) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख वा सो कामका लागि जिम्मेवारी तोकिएको अधिकारी सदस्य सचिव हुनेछ ।

(७) समितिको पदावधि चार वर्षको हुनेछ ।

(८) यो ऐन प्रारम्भ हुनु भन्दा अघि गठित समितिले हाल गरेका विभिन्न खेलकुद गतिविधि यहीं ऐन बमोजिम भएको मानिनेछ र यो ऐन प्रारम्भ भएको मितिले छ महिनाभित्र यसै ऐन बमोजिमको प्रकिया पूरा गरी समिति गठन गर्नु पर्नेछ ।

(९) समितिको काम, कर्तव्य, अधिकार एवं कोष सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६१. **वडा खेलकुद विकास समिति गठन गर्ने** : (१) वडा तथा विभिन्न ठाउँमा खेलकुद गतिविधि सञ्चालनका लागि वडा खेलकुद विकास समिति गठन हुनेछ ।

सिलीचोङ गाउँपालिका

(२) वडा खेलकुद विकास समिति गठन गर्नका लागि वडाभित्रका तीन पुरुष र तीन महिला भुगोल र खेलका आधारमा वडा समितिले छनौट गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम छनौट भएका मध्येबाट अध्यक्ष पुरुष भए उपाध्यक्ष महिला र महिला अध्यक्ष भए पुरुष उपाध्यक्ष छानिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम छनौट भएकाहरु वीच अध्यक्ष र उपाध्यक्षका लागि सहमति नजुटेमा छनौट भएकाहरु मध्येबाट वडा अध्यक्षले अध्यक्ष र उपाध्यक्ष तोक्नेछ ।

(५) वडा सचिव वा सो कामका लागि जिम्मेवारी तोकिएको अधिकारी सदस्य सचिव हुनेछ ।

(६) समितिको पदावधि चार वर्षको हुनेछ ।

(७) यो ऐन प्रारम्भ हुनु भन्दा अघि गठित समितिले हाल गरेका विभिन्न खेलकुद गतिविधि यहीं ऐन बमोजिम भएको मानिनेछ र यो ऐन प्रारम्भ भएको मितिले छ महिनाभित्र यसै ऐन बमोजिमको प्रकिया पूरा गरी समिति गठन गर्नु पर्नेछ ।

(८) समितिको काम, कर्तव्य, अधिकार एवं कोष सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद -१०

## कसुर र सजाय

६२.**कसुर गरेको मानिने**: (१) कसैले यस दफा बमोजिम काम कारबाही गरे गराएमा यस ऐन अन्तर्गत कसुर गरेको मानिनेछ ।

(२) दफा ३ बमोजिम अनुमति नलिई विद्यालय खोलेमा ।

(३) दफा ३ को उपदफा (७) विपरित शैक्षिक गुठी अन्तरगत विद्यालय सञ्चालन गरेमा ।

(४) दफा ३ को उपदफा (१३) बमोजिमको अवधि भित्र विद्यालय सूचीकृत नगरे नगराएमा ।

(५) दफा ६ विपरित शैक्षिक परामर्स सेवा, वैदेशिक शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालन गरेमा ।

(६) दफा ११ उपदफा (१९) विपरित घुम्ती विद्यालयको शिक्षण कार्यमा कसैले पनि लापरवाही, कक्षा नचलाउने, सामग्री वा स्रोत दुरुपयोग गर्ने तथा कक्षाको

सुरक्षा वा अभिलेखमा हेरफेर गर्ने वा दातृ वा सरकारी स्रोत दुरुपयोग गर्ने कार्य गरे गराएमा ।

(७) दफा १२ को उपदफा (९) विपरित पुस्तकालयको सामग्री प्रयोगमा कसैले पनि लापरवाही गर्ने, समय पुस्तक फिर्ता नगर्ने, सामग्री वा स्रोत दुरुपयोग गर्ने तथा पुस्तकालयको सुरक्षा वा अभिलेखमा हेरफेर गर्ने वा दातृ वा सरकारी स्रोत दुरुपयोग गर्ने कार्य गरे गराएमा ।

(८) दफा १३ को उपदफा (९) विपरित सूचना तथा सञ्चार प्रबिधिबाट शिक्षण सिकाइका सामग्री प्रयोगमा कसैले पनि लापरवाही गर्ने, नचलाउने, सामग्री वा स्रोत दुरुपयोग गर्ने तथा सामग्रीको सुरक्षा वा अभिलेखमा हेरफेर गर्ने वा दातृ वा सरकारी स्रोत दुरुपयोग गर्ने कार्य गरे गराएमा ।

(९) दफा २५ को उपदफा (२) विपरित अनुमति नलिई दूरशिक्षा सञ्चालन गरे ।

(१०) दफा ४० को उपदफा (१) विपरित पदीय आचरण पालना नगरेमा ।

(११) दफा ४० को (२) विपरित आचरण पालना को कार्य गरे गराएमा ।

(१२) दफा ४२ को उपदफा (२) विपरित अनुशासन निरीक्षक नतोकेमा ।

(१३) दफा ४२ को उपदफा (३) विपरित कक्षा शिक्षक नतोकेमा ।

(१४) दफा ४२ को उपदफा (५) विपरित त्रैमासिक रुपमा शिक्षक अविभावक बैठक आयोजना नगरेमा ।

(१५) दफा ४२ को उपदफा (६) को अवधि भित्र प्रतिवेदन पेश नगरेमा ।

(१६) दफा ५१ को उपदफा (१) विपरित गाउँपालिकाबाट अनुमति नलिई अक्षय कोष स्थापना गरेमा ।

(१७) दफा ५४ को उपदफा (५) विपरित प्रत्येक वर्ष भर्ना शुल्क लिएमा ।

(१८) दफा ५४ को उपदफा (७) विपरित गाउँपालिकाले तोकेको भन्दा बढी शुल्क लिएमा ।

(१९) दफा ५६ को उपदफा (१) बमोजिम छात्रवृत्ति उपलब्ध नगरएमा ।

(२०) दफा ५६ को उपदफा (४) विपरित छात्रवृत्ति प्रदान गरेको विवरण उपलब्ध नगराएमा ।

(२१) कसैले देहायको कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्‍याएमा;-

(क) परीक्षाको प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बिना प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा अमर्यादित कार्य गरेमा,

(घ) परीक्षा केन्द्र नियन्त्रणमा लिने प्रयत्न गरे वा नियन्त्रणमा लिएमा,

(ङ) परीक्षाको परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(च) अरुको नामबाट परीक्षामा सामेल भएमा वा परीक्षा दिएमा,

(छ) विद्यार्थी भर्ना गर्दा तोकिएको बाहेक अन्य कुनै दान, बकस, उपहार वा कुनै रकम लिएमा,

(ज) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य कार्य गरेमा,

(झ) कानून विपरीतका अन्य कुनै कार्य गरेमा कुनै कार्य गरेमा ।

६३.**<u>दण्ड सजाय</u>** : (१) कसैले दफा ६० अन्तर्गतको कसुर गरे गराएमा यस दफा बमोजिम दण्ड जरिवाना हुनेछ ।

(२) दफा ६० को उपदफा (२) बमोजिमको कसुर गरेमा अनुमति लिदा लाग्ने शुल्कको दोब्बर जरिवाना लिई अनुमति प्रदान गर्न सकिनेछ ।

तर यस ऐन बमोजिम अनुमति दिन नमिल्ने भएमा त्यस्तो विद्यालय बन्द गर्नु पर्नेछ ।

(३) दफा ६० को उपदफा (३) बमोजिमको कसुर गरेमा अनुमति लिदा लाग्ने शुल्कको दोब्बर जरिवाना लिई अनुमति प्रदान गर्न सकिनेछ ।

तर यस ऐन बमोजिम शैक्षिक गुठी अन्तरगत अनुमति दिन नमिल्ने भएमा त्यस्तो विद्यालय बन्द गर्नु पर्नेछ ।

(४) दफा ६० को उपदफा (४) बमोजिमको कसुर गरेमा विद्यालय सूचीकृत गर्दा लाग्ने शुल्कको प्रत्येक वर्षका लागि दोब्बर जरिवाना ।

(५) दफा ६० को उपदफा (५) बमोजिमको कसुर गरेमा अनुमति लिदा लाग्ने शुल्कको दोब्बर जरिवाना लिई अनुमति प्रदान गर्न सकिनेछ ।

तर यस ऐन बमोजिम अनुमति दिन नमिल्ने भएमा त्यस्तो संस्था बन्द गर्नु पर्नेछ ।

(६) दफा ६० उपदफा (६), (७) र (८) बमोजिमको कसुर गरे गराएमा क्षतिको बिगो अशुल उपर गरी सोहि बराबर जरिवाना हुनेछ ।

(७) दफा ६० को उपदफा (९) बमोजिमको कसुर गरे गराएमा रू एक हजारदेखि पाँच हजारसम्म जरिवाना गरी सो कार्य बन्द गर्नु पर्नेछ ।

(८) दफा ६० को उपदफा (१०) बमोजिमको कसुर गरे गराएमा देहाय अनुसार सजाय हुनेछ;-

क. आफूलाई कामकाज गर्न तोकिएको विद्यालयमा गई आफूलाई तोकिएको काम काज नगरेमा पोहिलो पटकलाई नसिहत दिने र पटक पटक दोहोर्याएमा गयल कट्टा, ग्रेड रोक्का, बढुवा रोक्का वा सेवा बाट बर्खास्त गरिनेछ,

ख. निर्धारित समयमा विद्यालयमा हाजिर भई नियमित रुपले आए गएको समय जनाई हाजिर हुनु पर्नेमा सो नगरे पहिलो पटकलाई नसिहत दिने र पटक पटक दोहोर्याएमा गयल कट्टा, ग्रेड रोक्का गरिनेछ,

ग. बिदा स्वीकृत नगराई विद्यालयमा अनुपस्थित भएमा गयल कट्टी गरिनेछ,

घ. दफा ४० को उपदफा (१) को खण्ड (घ), (ङ), (च), (छ), (ज) र (झ) विपरितको कार्य गरे गराएमा कसुरको मात्र हेरी पहिलो पटकलाई नसिहत दिने र पटक पटक दोहोर्याएमा गयल कट्टा, ग्रेड रोक्का, बढुवा रोक्का गरिनेछ,

ङ. खण्ड (घ) बमोजिमको कसुर दुई पटक भन्दा बढी दोहोर्याएमा सेवाबाट बर्खास्त गरिनेछ ।

(१०) दफा ६० को उपदफा (११), (१२), (१३), (१४) र (१५) बमोजिमको कसुर गरेमा पहिलो पटकलाई नसिहत दिने र पटक पटक दोहोर्याएमा ग्रेड रोक्का वा बढुवा रोक्का गरिनेछ ।

(११) दफा ६० को उपदफा (१६) विपरित गाउँपालिकाबाट अनुमति नलिई अक्षय कोष स्थापना गरेमा उक्त कोषको रकम जफत गरी गाउँपालिकाले गाउँपालिका स्तरको शैछिक अक्षय कोषमा जम्मा गर्नु पर्नेछ ।

(१२) दफा ६० को उपदफा (१७) बमोजिम कसुर गरेमा लिएको रकम बिगो भराई बिगो बराबरको रकम जरिवाना गरिनेछ ।

(१३) दफा ६० को उपदफा (१८) बमोजिम कसुर गरेमा लिएको रकम बिगो भराई बिगो बराबरको रकम जरिवाना गरिनेछ ।

(१४) दफा ६० को उपदफा (१९) बमोजिमको कसुर गरेमा लिएको रकम बिगो भराई बिगो बराबरको रकम जरिवाना गरिनेछ ।

(१५) दफा ६० को उपदफा (२०) बमोजिमको कसुर गरेमा रूपैयाँ पाँच हजार देखि रूपैयाँ दश हजार सम्म जरिवाना ।

(१६) दफा ६० को उपदफा (२१) बमोजिमको कसुर गरे गराएमा उक्त कार्य बदर गरी रूपैयाँ पाँच हजार देखि रूपैयाँ दश हजार सम्म जरिवाना ।

(१७) यस दफा बमोजिम ग्रेड वा बढुवा रोक्काको सजाय गर्दा बढीमा पाँच वर्षका लागि गर्न सकिनेछ ।

(१८) यस ऐन बमोजिमको कसुर गर्ने गराउने मतियारलाई कसुरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

(१९) यस ऐन बमोजिम बहेको जरिवाना सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

६४.**पदबाट हटाउन सकिने** : (१) देहायका अवस्थामा शिक्षक तथा कर्मचारीलाई विद्यालय व्यवस्थापन समितिले वडा शिक्षा समिति मार्फत पदबाट हटाउन गाउँ शिक्षा समितिमा सिफारिस गर्नेछ;-

(क) तोकिए बमोजिम पदीय दायित्व पूरा नगरेमा वा अनुशासन हीन कार्य गरेमा,

(ख) विना सूचना लगातार ९० दिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित भएमा,

(ग) विद्यालयमा पटक/पटक मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) सामुदायिक विद्यालयका शिक्षकहरु वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा अन्य व्यावसायिक क्रियाकलाप गरी बसेमा,

(ङ) शिक्षक वा कर्मचारी राजनैतिक दलको कार्यकारी समितिको पदमा रहेको पाइएमा ।

(२) उपदफा (१) बमोजिम सिफारिस भई आएमा गाउँ शिक्षा समितिले उक्त विषयको जाँच गरी पदबाट हटाउने वा नहटाउने सम्बन्धमा कार्यपालिका समक्ष सिफारसि प्राप्त भएको पन्ध्र दिनभित्र आफ्नो राय सहितको प्रतिवेदन दिने पर्नेछ ।

(३) उपदफा (२) बमोजिम भई आएमा कार्यपालिकाले त्यस्तो शिक्षक तथा कर्मचारीलाई भविष्यमा सरकारी सेवामा अयोग्य नठहरीने गरी सेवाबाट हटाउन सक्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवाबाट हटाउदा अन्याय नै हुने रहेछ भने कार्यपालिकाले २ वर्षदेखि ५ वर्षसम्म बढुवा रोक्का गर्ने वा २ तलब बृद्धिदेखि ५ तलब बृद्धिसम्म रोक्काको कारबाही गर्न सक्नेछ ।

(५) उपदफा (१) को खण्ड (ख) बमोजिम लगातार विना सूचना १५ दिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित शिक्षकलाई गयल कट्टी लगायतका अन्य कारवाही गरी हाजिर गराउन पाइने छैन ।

(६) उपदफा (६) बमोजिम गरी हाजिर गराएमा हाजिर गराउने प्रधानाध्यापक बाट निज लाई भुक्तानी गरिएको तलब सुविधा अशुल उपर गरी आवश्यक विभागीय कारवाही गरिनेछ ।

<u>**स्पष्टीकरण**</u> : यस खण्डको प्रयोजनका लागि कार्यकारिणी समिति भन्नाले राजनैतिक दलको विधान बमोजिम गठित केन्द्रीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर वा स्थानीय स्तरका कार्यकारिणी पर्दछ ।

६५.<u>**भविष्यमा सरकारी सेवामा अयोग्य ठहरिने गरी बरखास्त गर्न सकिने**</u> : (१) देहायको अवस्थामा शिक्षक तथा कर्मचारीलाई सेवाबाट भविष्यमा कुनै सरकारी सेवामा अयोग्य ठहरिने गरी सेवा बाट बरखास्त गरिनेछ;-

(क) नैतिक पतन देखिने कुनै फौज्दारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएमा,

(ख) भ्रष्ट्रचार गरेको अभियोगमा अदालतबाट दोषी प्रमाणित भएमा ।

(२) उपदफा (१) बमोजिम बाहेक अन्य कारणले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने कारणको यथेष्ट प्रमाण प्राप्त भएमा गाउँपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम बमोजिम अन्य कारणले कार्यरत शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु अघि मनासिव माफिकको स्पष्टीकरणको मौका प्रदान गरिनेछ ।

६६. <u>**जरिवाना गर्दा अपनाउनुपर्ने कार्यविधि**</u> : (१) दफा ६१ बमोजिमको जरिवाना गर्नु परेमा तोकिए गाउँपालिकाको न्यायिक समितिले प्रयोग गर्ने आदेश पर्चाको ढाँचामा आदेश पर्चा खडा गरी सो को एक प्रति सम्बन्धित शिक्षक वा कर्मचारीलाई बुझाई सोको भर्पाइ गराउनु पर्नेछ ।

(२)) उपदफा (१) बमोजिम जरिवानाको रकम निर्धारण गर्दा जरिवाना गर्ने अधिकारी वा निकायाले सम्बन्धित शिक्षक वा कर्मचारीले गरेको कसुरको प्रकृति त्यसको मात्रा त्यसबाट पुग्न गएको क्षति वा प्रतिकूल प्रभाव समेतको आधारमा निर्धारण गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम जरिवाना गर्ने अधिकारी वा निकायले जरिवानाको आदेश दिदा जरिवानाको रकम त्यस्तो जरिवाना बुझाउने स्थान र जरिवाना दाखिला गर्नुपर्ने अन्तिम मिति समेत तोकिदिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको आदेश सम्बन्धित शिक्षक वा कर्मचारीले बुझिलिन इन्कार गरेमा वा सो कार्यमा बाधा अवरोध गरेमा जरिवाना गर्ने अधिकारी वा निकायाले प्रहरीको सहयोगमा त्यस्तो जरिवानाको आदेश बुझाउन सक्नेछ ।

(५) जरिवाना गर्ने अधिकारि वा निकायले आफूले गरेको तत्काल जरिवाना सम्बन्धी आदेशको अभिलेख तोकिए बमोजिमको ढाँचामा राख्नुपर्नेछ ।

६७. **सजाय गर्ने अधिकारी** : (१) यस ऐन बमोजिमको कसुरमा दुई बर्ष ग्रेड रोक्का गर्ने वा दुई बर्षसम्म बढुवा रोक्का वा जरिवानाको कारबाही गर्ने अधिकार गाउँ शिक्षा अधिकारीलाई हुनेछ ।

(२) यस ऐन बमोजिमको कसुरमा दुई बर्षभन्दा बढी ग्रेड रोक्का वा दुई बर्षभन्दा बढी अवधिका लागि बढुवा रोक्का वा भविष्यमा सरकारी सेवामा अयोग्य नठहरिने गरी सेवाबाट बर्खास्त गर्ने अधिकार गाउँ शिक्षा समिति वा समितिको संयोजकलाई हुनेछ ।

(३) यसऐन बमोजिमको कसुरमा भविष्यमा सरकारी सेवामा अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने अधिकार गाउँ कार्यपालिकालाई मात्र हुनेछ ।

६८. **निलम्बन गरिने**: (१) विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर फौजदारी कसुरको अभियोग लागि अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको अन्तिम फैसला नभएसम्म निलम्बित हुनेछन् ।

(२) उपदफा (१) बमोजिम निलम्बनमा परेको शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा निजलाई सेवाबाट बर्खास्त गरिनेछ ।

६९. **अदालतको आदेशबाट पुनः बहाली हुन सक्ने** : (१) दफा ६२ र ६३ मा उल्लेख भएका कुनै कसुर वा आरोपमा सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र पुनर्बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनर्बहाली भएको शिक्षक वा कर्मचारीले नोकरीबाट हटेको दिन देखि पुनर्बहाली भएको मिति सम्मको पूरा तलब, भत्ता र तलब वृद्धि पाउने भए सो समेत पाउनेछ

## परिच्छेद -११
## विविध

७०.**विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु पर्ने** : (१) विद्यालयमा स्वतन्त्र र भय रहित वातावरणको अध्ययन अध्यापन गर्ने वातावरण सिर्जना गर्न तथा विद्यालय भित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गनुपर्ने सर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

७१.**विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन** : (१) बालबालिकाको नियमित स्वास्थ्य जाँच तथा अन्य स्वास्थ्य सेवा अप्रवाहको लागि प्रत्येक माध्यमिक तहको विद्यालयमा एक जना नर्सिङ सेवाको कर्मचारी परिचालन गर्न सकिनेछ ।

(२) किशोरी स्वास्थ्य तथा महिनावारी व्यवस्थापन, पोषण, मानसिक स्वास्थ्य लगायतका क्षेत्रमा गाउँपालिकाले विशेष कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(३) प्रत्येक विद्यालयले विद्यालयमा आपतकालीन आराम कक्ष, स्तनपान कक्ष, बाल स्याहार कक्षको व्यवस्थापन गर्नु पर्नेछ ।

७२.**बालबालिकाहरुलाई शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने:** (१) कुनैपनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाइने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

(३) विद्यार्थीलाई शारीरिक वा मानसिक वा दुर्व्यवहार गरेको पाइएमा कानून बमोजिमको कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि फौजदारी किसिमका अपराध गरेको अवस्थामा बालकलाई आवश्यक सुधारका लागि निश्चित समय अभिभावकलाई जिम्मा दिई निजमा सुधार आएमा पुन विद्यालयमा राखी पठनपाठन गराउनु पर्नेछ ।

७३.**<u>पुरस्कार दिन सक्ने:</u>** शिक्षा विकास सम्बन्धमा विशेष योगदान पुऱ्याउने उत्कृष्ट विद्यालय वा शिक्षक वा कर्मचारी वा विद्यार्थी वा व्यक्ति वा संस्थालाई प्रोत्साहन स्वरूप वडा तथा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले सम्मान तथा पुरस्कार दिन सक्नेछ ।

७४.**<u>प्रोत्साहन भत्ता दिन सक्ने:</u>** गाउँपालिकाले आफ्नो स्रोत साधन र क्षमताको आधारमा साधारण तथा प्राविधिक शिक्षा तर्फका प्राधानाध्यापक तथा शिक्षकलाई तोकिए बमोजिम मासिक वा वार्षिक प्रोत्साहन भत्ता उपलब्ध गराउन सक्नेछ ।

तर यस दफा बमोजिम प्रोत्साहन भत्ता उपलब्ध गराउँदा एक शैक्षिक सत्रमा अधिकतम् दस महिना भन्दा बढि हुने गरी उपलब्ध गराउन सकिने छैन ।

७५.**<u>अनुगमन मूल्यांकन</u>** : (१) यस ऐन बमोजिमको कार्य भए नभएको सम्बन्धमा गाउँ शिक्षा अधिकारीले नियमित अनुगमन गर्नु गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गाउँगरिएको शिक्षा अधिकारीबाट गरे गराएको अनुगमनको प्रतिवेदन गाउँ शिक्षा समितिको नियमित बैठकमा पेश गर्नु पर्नेछ ।

(३) विद्यालयको अनुगमन गर्दा वडा शिक्षा समिति/विद्यालय व्यवस्थापन समितिको प्रतिनिधिलाइ समेत विद्यालय अनुगमनमा सहभागी गराउन सकिनेछ ।

(४) विद्यालयले सञ्चालन गर्ने परिक्षाको अनुगमन गाउँ शिक्षा समिति वा वडा शिक्षा समिति वा गाउँ शिक्षा अधिकारीले गर्न सक्नेछ ।

७६.**<u>प्रगति विवरण बुझाउनु पर्ने</u>** : संस्थागत तथा सामुदायीक विद्यालयले प्रत्येक वर्ष शैक्षिक सत्र समाप्ती पश्चात्त तोकिए बमोजिमको विवरण रहेको प्रगति प्रतिवेदन गाउँ शिक्षा समिति समक्ष अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

७७.**<u>वार्षिक प्रतिवेदनः</u>** (१) समितिले प्रत्येक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत गाउँ सभा समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको वार्षिक प्रतिवेदन सार्वजनिक जानकारीका लागि स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

७८.**<u>प्रशासनिक खर्च व्यस्थापन</u>**ः समितिको बैठक तथा प्रतिवेदन तयारी लगायतका कार्यसँग सम्बन्धित न्युनतम प्रशासनिक खर्च गाउँ कार्यपालिकाले व्यवस्था गर्नेछ ।

७९.**<u>पुनरावेदन</u>** : (१) यस ऐन बमोजिम गाउँ शिक्षा अधिकारीले गरेको काम कारबाही वा निर्णय उपर चित्त नबुझेमा सम्बन्धित व्यक्ति वा संस्थाले त्यस्तो काम कारबाही वा निर्णय भएको मितिले १५ पन्ध्र दिनभित्र गाउँ शिक्षा समिति समक्ष उजुरी दिन सक्नेछ ।

(२) यस ऐन बमोजिम गाउँ शिक्षा समितिले गरेको काम कारबाही वा निर्णय उपर चित्त नबुझेमा सम्बन्धित व्यक्ति वा संस्थाले त्यस्तो काम कारबाही वा निर्णय भएको मितिले १५ पन्ध्र दिनभित्र कार्यपालिका समक्ष उजुरी दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम समिति समक्ष उजुरी पर्न आएमा त्यस्तो उजुरी उपर समितिले तीस दिनभित्र निर्णय गरी निर्णय भएको मितले सात दिनभित्र निर्णयको जानकारी सम्बन्धित पक्षलाई दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम समितिले गरेको कारबाही र निर्णय उपर चित्त नबुझेमा सम्बन्धित व्यक्ति वा संस्थाले त्यस्तो काम कारबाही वा निर्णय भएको जानकारी पाएको मितिले १५ पन्ध्र दिनभित्र कार्यपालिका समक्ष उजुरी दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम कार्यपालिका समक्ष उजुरी पर्न आएमा त्यस्तो उजुरी उपर कार्यपालिकाले बीस दिनभित्र निर्णय गरी निर्णय भएको मितले सात दिनभित्र निर्णयको जानकारी सम्बन्धित पक्षलाई दिनु पर्नेछ ।

(६) उपदफा (५) वा यस ऐन बमोजिम कार्यपालिकाबाट भएको निर्णय उपर चित्त नबुझेमा निर्णयको सूचना पाएको मितिले ३५ पैतीस दिनभित्र संखुवासभा जिल्ला अदालतमा पुनरावेदन गर्न सकिनेछ ।

(७) यस ऐन बमोजिम जरिवाना गर्ने निर्णय भएकोमा त्यस्तो जरिवाना भुक्तान नगरी वा सो बराबरको रकम गाउँपालिकाको धरौटी खातामा जम्मा नगरी पुनरावेदनको निवेदन दर्ता हुने छैन ।

८०.**गाउँपालिकाले निर्देशन दिन सक्ने** : (१) गाउँपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित छात्रवास, ट्युसन सेन्टर, कोचिङ सेन्टर सञ्चालनका लागि तोकिए बमोजिमका सर्त पूरा गरेका संस्थालाई अनुमति लगायतका स्वीकृती तथा आवश्यक निर्देशनहरु दिई विद्यार्थीका सुविधा परिपूर्तीका लागी कार्य गर्न विद्यालय व्यवस्थापन समितिलाई गाउँपालिकाले निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिईएको निर्देशन पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

८१.**नियम बनाउन सक्ने** : कार्यपालिकाले यस ऐनको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक नियम बनाउन सक्नेछ ।

८२.**कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्ने** : कार्यपालिकाले यस ऐन र ऐन अन्तरगत बनेको नियमावलीको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्नेछ ।

८३.**<u>खारेजी र बचाऊ</u>** : देहायका ऐन र कार्यविधि खारेज गरिएको छ ।

(क) सिलीचोङ गाउँपालिकाको आधारभुत तथा माध्यमिक शिक्षा ऐन, २०७६,

(ख) दलित छात्रा छात्रवृति ( व्यवस्थापन र वितरण ) ऐन, २०८१,

(ग) छात्रवृति वितरण कार्यविधि २०८०

(घ) बाल कल्याण कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०८०

(ङ) बालि विज्ञान शिक्षकको प्रोत्साहन रकम सम्वन्धि कार्यविधि २०७९

(च) खेलकुद कार्यविधि ,२०७७

(छ) विद्यालय कर्मचारी अतिरिक्त सुविधा कार्यविधि ,२०७६ ।

(ज) सिलीचोङ गाउँपालिकाको विद्यार्थी सिकाइ सहजीकरण सम्बन्धी कार्यविधि, २०७८।

(झ) शिक्षक प्रोत्साहन रकम सम्बन्धी कार्यविधि, २०८२।

(२) उपदफा (१) बमोजिम खारेज भएको ऐन र कार्यविधि बमोजिम भए गरेका काम कारवाहीहरू यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।